म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ११२ सोमबार, २२ मंसिर २०८२ ने. सं. ११४६ थिंलागा 8 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पुर्पक्षका लागि कारागार चलान

हेटौँडा, २१ मंसिर/ जेन जी आन्दोलनका क्रममा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको निजी निवासमा तोडफोड तथा आगजनी गरेको अभियोगमा पक्राउ परेका दुई जनालाई अदालतले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको छ ।

हेटौंडा उपमहानगरपालिका-११ का ३७ वर्षीय सुरेन्द्र रानामगर तथा ३६ वर्षीय सुजन अधिकारीले आन्दोलनका क्रममा पौडेलको नवलपुर-११ स्थित घरमा तोडफोड र आगजनी गरी आपराधिक उपद्रव गरेको भन्दै उनीहरूविरुद्ध प्रहरीले मुद्दा दायर गरेको थियो । उक्त घटनाको अनुसन्धान सम्पन्न भएपछि जिल्ला अदालत मकवानपुरले आइतबार दुवै अभियुक्तलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको हो ।

अदालतको आदेशअनुसार सुरेन्द्र रानामगर र सुजन अधिकारीलाई भिमफेदीस्थित कारागारमा पठाइएको प्रहरीले जनाएको छ । घटनासम्बन्धी थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# पाँचसय घरटहरा भत्काइयो: सडक डिभिजन

## अदालतको पत्रले सडक बिस्तार रोकियो, छलफलपछि टुंगो लाग्ने

मनिल महतो



हेटौँडा, २१ मंसिर/ हेटौँडा बजारको २५-२५ गज मुख्य सडक विस्तार कार्य तत्कालका लागि स्थगित भएको छ ।

आइतबार सडक डिभिजन कार्यालय हेटौँडाले पत्रकार सम्मेलन गरी विस्तार कार्य तत्कालको लागि स्थगित भएको जानकारी दिएको हो । हेटौंडा उपमहानगर भित्र पर्ने राष्ट्रिय लोकमार्गहरूको सडक सीमा संरक्षण कार्यक्रम, २०८२ लाई सर्वोच्च अदालतको उत्प्रेषण आदेशका कारण स्थगित गरिएको सडक डिभिजन प्रमुख गुरुप्रसाद अधिकारीले जानकारी दिए । सर्वोच्च अदालतले हेटौंडाको सडक विस्तार सम्बन्धी सूचना कार्यान्वयन नगर्न मंसिर १९ गते उत्प्रेषण आदेश दिएको थियो ।

पूर्वसांसद् रहनुभएकी स्थानीय विन्दवासिनी कंसाकारले दायर गरेको रिटमा अदालतका न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले शुक्रबार सडक बिस्तारको सूचना कार्यान्वयन नगरी यथास्थितिमा राख्नु, राख्न लगाउनु भन्दै सडक डिभिजन कार्यालय हेटौंडाको नाममा आदेश दिएको हो । शुक्रबार अदालतको आदेश प्राप्त नभएको दाबी गर्दै प्रमुख अधिकारीले आइतबार आदेश प्राप्त भएसंगै विस्तार कार्य स्थगन गरेको जनाएको छ ।

शनिबार एकैदिन ७ किलोमिटर सडक सीमाभित्र पर्ने ५ सय घरटहराहरु सांकेतिक रुपमा भत्काएको डिभिजन प्रमुख अधिकारीले बताए । भत्काइएको घरबाट सामान निकाल्न दुई दिनको समय दिइएको उनले बताए । करिब १०-१५ संरचना घरधनी स्वयंले हटाएका थिए भने करिब २१ संरचना चौकीटोल क्षेत्रमा अझै बाँकी छन् ।

सडक विस्तार रोकिए पनि आइतबार चौकीटोल क्षेत्रका घरधनीहरुले संरचना स्वयं हटाइरहेका छन् । सडक सीमाभित्र परेका भौतिक संरचना ढिलाइ नगरी हटाउनुपर्ने दबाबसँगै स्थानीय आफैँ जुटेका हुन् । सडकलाई 'एसियन हाइवे'को मापदण्ड अनुसार विस्तार गर्ने योजनाअनुरुप पुनर्निर्माणको छलफल पनि थालिएको प्रमुख अधिकारीले बताए । हाल भत्काइएको २५ गज (७५ फिट) बाहेकको जग्गा स्वामित्वको मुआब्जा वितरणका लागि छलफल भइरहेको कार्यालयले जनाएको छ ।

मापदण्ड अनुसारको जग्गा सडकको स्वामित्वमा ल्याएर 'सेट ब्याक' लगायतका विषय मिलाई सडक स्तरोन्नतिका लागि डीपीआर तयार गर्ने र चालु आर्थिक वर्षमै टेन्डर आह्वान गर्ने योजना सडक डिभिजन कार्यालयको छ । 'हामी भत्काउने मात्र होइन, पुन: निर्माणको लागि पनि छलफलमा छौँ । एसियन हाइवेको मापदण्ड अनुसारको जग्गा स्वामित्व सडकको नाममा ल्याएर सोपश्चात् सेट व्याकलगायतको विषय पनि मिलाएर सडक स्तरोन्नतिको लागि डीपीआर तयार गरेर टेन्डरमा जाने तयारीमा छौँ,' अधिकारीले बताए ।

उक्त कार्यका लागि बजेट प्राप्तिको काम सकेर चालु आर्थिक वर्षमा नै टेन्डर गर्ने योजना रहेको पनि उनले जानकारी दिए । सडक डिभिजनले गत मंसिर ५ गते महेन्द्र राजमार्गको रातोमाटेदेखि बुद्धचोकहुँदै राप्ती पुलसम्म र त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरी पुलसम्मको सडक सीमा २५/२५ गज विस्तारका लागि भन्दै सडक सीमाभित्रका घरटहरा, संरचना हटाउन १५ दिने अल्टिमेटम दिँदै सूचना निकालेको थियो ।

'यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सोसमेत खुलाइ यो आदेश प्राप्त भएको मितिले बाटोको म्याद बाहेक १५ दिनभित्र प्रत्यर्थी नं. १, ३, ४, ५ र ६ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र प्रत्यर्थी नं. २ को हकमा आफैं वा आफ्नो कानुन बमोजिमको प्रतिनिधिमार्फत् लिखित जवाफ पेश गर्नू,' आदेशमा भनिएको छ ।

अदालतले अन्तरिम आदेश माग भएको सन्दर्भमा विचार गर्दा निवेदकहरूको बसोबास र सम्पत्ति हकको विषय निवेदनमा उठाइ आएकोले विषयवस्तुको प्रकृति हेर्दा अन्तरिम आदेश जारी हुने वा नहुने के हो, दुवै पक्षहरू राखी छलफल गरी निष्कर्षमा पुग्नु मनासिब देखिएको जनाएको छ । छलफलका लागि मंसिर २६ गते पेशी तोकिएको छ ।

'छलफल भई अन्तरिम आदेश जारी हुने नहुने विषय टुंगो नलागेसम्म प्रत्यर्थी संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं, सडक डिभिजन हेटौंडा, मकवानपुरको मिति २०८२/०८/०५ को सूचना कार्यान्वयन नगरी यथास्थितिमा राख्नु, राख्न लगाउनू,' आदेशमा भनिएको छ ।

चौथो पटक प्रकाशित सूचनाको १५ दिने अल्टिमेटम सकिएको भोलिपल्टैदेखि डोजर परिचालन गर्दै राजमार्ग सिमाभित्र पर्ने संरचना हटाउने काम तीव्र बनाइएको डिभिजनले जनाएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा नगर प्रहरीको बोक्लो उपस्थितीकाबिच शनिबार बिहानैदेखि महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको मुख्य खण्डमा डोजर, जेसिभी र हेभी एक्साभेटर परिचालन गरि २५-२५ गज सडक सीमाभित्र पर्ने संरचना हटाउने काम गरिएको हो । घरटहरालगायत संरचना डोजर चलेसँगै हेटौँडा बजारमा विद्युत्, टेलिफोन र इन्टरनेट सेवा विच्छेद भएको थियो ।

डिभिजन कार्यालयका अनुसार महेन्द्र राजमार्गका रातोमाटेदेखि बुद्धचोकहुँदै राप्ती पुलसम्म ६ दशमलव ३ किमि र त्रिभुवन राजपथ अन्तर्गत बुद्धचोकदेखि सामरी पुलसम्म ३ दशमलव २ किमि गरी मकवानपुर जिल्लामा कुल ९ दशमलव ५ किमि सडक खण्ड बिस्तार हुनेछ ।

सडक डिभिजनले २०७६ असारमा १ नम्बर वडामा सरकारी निकायले उपयोग गरिरहेको सडक क्षेत्र खाली गराएपछि केही समय सक्रिय भएपनि पछिल्ला वर्षहरूमा मैदानमै उत्रिन सकेको थिएन । त्यतिबेला राप्ती रोडमा स्थानीय र प्रहरीबीच झडपसमेत भएको थियो ।

दुई वर्षअघि डिभिजनले अर्को सूचना जारी गरेको थियो । तर, घरधनीहरू सर्वोच्च अदालत पुगेपछि प्रक्रिया रोकिएको थियो । सोही मुद्दाको अदालतको फैसलाको आधारमा अहिले विस्तार पुन: सुरु गरिएको हो । सर्वोच्च अदालतले शुक्रबारमात्रै हेटौंडाको सडक विस्तारसम्बन्धी सूचना कार्यान्वयन नगर्न उत्प्रेषण आदेश दिएको थियो । पूर्वसांसद्समेत रहेकी विन्दवासिनी कंसाकारले दायर गरेको रिटमा अदालतका न्यायाधीश मेघराज पोखरेलको एकल इजलाशले सडक विस्तारको सूचना कार्यान्वयन नगरी यथास्थितिमा राख्नु, राख्न लगाउनु भन्दै सडक डिभिजन कार्यालय हेटौंडाको नाममा आदेश दिएको थियो । आदेश आइनसकेको भन्दै सडक डिभिजनले शुक्रबार साँझ सडक विस्तार नरोकिनेबारे अत्यन्त जरूरी सूचना निकालेर बिहानदेखि सडक विस्तार जारी राखेको थियो ।

## सडक बिस्तारसँगै ढले हेटौँडाका अशोकका रुख

शनिबार बिहानैदेखि सुरु भएको सडक बिस्तार अभियानसँगै शहरको मुख्य पहिचान मानिँदै आएका अशोकका रुखहरु ढालिएका छन् ।

सडक डिभिजन कार्यालय हेटौंडाले सडक फराकिलो गर्ने कामलाई तीव्रता दिएसँगै राप्तीरोड, मेनरोड र अन्य प्रमुख स्थानका अशोकका रुखहरू भारी मेसिनरीको प्रभावले एक एक गरि ढलिरहेका हुन् ।

लामो समयदेखि हेटौंडाको सौन्दर्य, पहिचान र वातावरणीय समृद्धिको प्रतीक मानिने अशोकका रुखहरूले मुख्य सहर क्षेत्रमा हरियालीको अनुभूति दिँदै आएका थिए ।

शहरलाई 'ग्रीन सिटी' को उपमा दिलाउने यी वयस्क रुखहरू सडक विस्तारको मेसिनरी अभियानसँगै हटाइँदा स्थानीयवासीले वातावरणीय सन्तुलनमा असर पर्ने चिन्ता व्यक्त गरेका छन् ।

पूर्व-पश्चिम राजमार्गको रातोमाटेदेखि बुद्धचोकहुँदै राप्ती पुलसम्म र त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरी पुलसम्म ९.५ किलोमिटर क्षेत्रमा सडकको केन्द्रविन्दुबाट दायाँ-बायाँ २५/२५ गजभित्र पर्ने संरचना हटाउने क्रममा शनिबार २५/३० वटा रुख ढलेका छन् । हेटौंडा बजार क्षेत्रको हरियालीसँगै इतिहास बोक्ने अशोकका रुखहरू ढल्दै जाँदा विकासको गतिसँगै शहरको पर्यावरणीय जीवन्तता कत्तिको जोगिने हो भन्ने प्रश्न अब बढी गम्भीर बनेको छ ।

## घरबारविहीनलाई उपमहानगरले सहजीकरण गर्ने

हेटौँडाको मुख्य बजार क्षेत्रको २५-२५ गज सडक बिस्तारका क्रममा विस्थापित परिवारलाई हेटौँडा उपमहानगरपालिकाले आवास व्यवस्थाका लागि सहजीकरण गर्ने भएको छ ।

उपमहानगरको आइतबार बसेको ७६ औं कार्यपालिका बैठकले विस्थापित व्यवसायीदेखि घर धनीसम्मलाई समेटेर विभिन्न ९ वटा बुँदामा निर्णय गरेको छ । मुख्य बजार क्षेत्रका घरटहरा र संरचनाहरु भग्नावशेष बनेपछि उपमहानगर पालिकाले कार्यपालिका बैठक मार्फत् विशेष निर्णयहरु गरेको उपमहानगरका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए ।

सडक बिस्तारबाट प्रभावित भई जग्गाको अंश नरहने तथा अन्यत्र घरजग्गा नभएका घर धनीहरुको वडा कार्यालयमार्फत् विवरण संकलन गरी मालपोत कार्यालयबाट विवरण जाँच गराई घरवारविहीनलाई आयोजनामार्फत आवास व्यवस्थापन गर्न उपमहानगर पालिकाले सहजीकरण र समन्वय गर्ने निर्णय गरेको प्रवक्ता न्यौपानेले बताए ।

प्रभावित घरधनीहरुको घर निर्माण गर्न लाग्ने खर्च व्यवस्थापनका लागि सहुलियतपूर्ण व्याजदरमा निश्चित समयसम्मका लागि ऋण उपलब्ध गराउन अर्थ मन्त्रालयमार्फत राष्ट्र बैंकलाई अनुरोध गर्ने पनि निर्णय भएको छ । प्रभावितहरुको व्यवसाय निरन्तरताका लागि मकवानपुर उद्योग वाणिज्य संघसंग समन्वय गरी बजार व्यवस्थापन र व्यवसायको निरन्तरताका लागि पहल गर्ने प्रवक्ता न्यौपानेले जानकारी दिए । 'बजार क्षेत्र भएर जाने त्रिभुवन राजपथलाई पर्यटकीय मार्गको रुपमा सञ्चालन गर्न नगरसभा मार्फत् संघीय सरकारलाई अनुरोध गर्ने निर्णय उपमहानगरपालिकाले गरेको छ' उनले भने ।

प्रभावितहरुको भवन निर्माणका लागि सहजता कायम गर्न 'फाष्ट ट्र्याक' प्रक्रियाबाट प्राविधिक सहयोगसहित नक्सापास लगायतका सेवाहरु प्रवाह गरिने प्रवक्ता न्यौपानेले बताए । यसैगरी, प्रभावितहरुको भवन निर्माणमा नक्सापास गर्न लाग्ने दस्तुरको २ हजार वर्गफिटसम्मको नक्सा पास दस्तुर छुट दिन नगर सभासमक्ष पेश गर्ने र घर निर्माणका लागि सामग्रीहरु सुलभरुपमा उपलब्ध गराउन सहजीकरण गर्ने निर्णय पनि उपमहानगरले गरेको छ ।

प्रभावित क्षेत्रमा हेटौंडाको पहिचान झल्किने गरी नमूना र सौन्दर्यता कायम गर्न उपयुक्त घर निर्माण मोडल तयार गरी कार्यान्वयनसमेत गरिने प्रवक्ता न्यौपानेले जानकारी दिए । सडक विस्तारका क्रममा प्रभावित भई व्यवसायको निरन्तरता हुन नसकेका व्यवसायीको लगत लिएर व्यवसाय सुरु नहुँदासम्म व्यवसाय कर छुट दिनका लागि नगरसभामा पेश गर्ने निर्णयसमेत गरेको छ । हेटौंडा उपमहानगरपालिकाको आगामी नगरसभा पुस ११ गते बस्ने निर्णयसहित तयारी सुरु भइसकेको प्रवक्ता न्यौपानेले जानकारी दिए ।

यस्तै, मकवानपुर उद्योग वाणिज्य संघले पनि प्रभावित व्यवसायीलाई पुन:स्थापित गराउनका लागि स्थानीय सरकारसँग निरन्तर समन्वय गरिरहेको बताएको छ । संघका अध्यक्ष प्रमोदसिंह रानाभाटले २५ गज सडक विस्तारका क्रममा कति व्यवसायी प्रभावित भए भन्ने बारेमा विवरण संकलनको काम भइरहेको जानकारी दिए । प्रभावित व्यवसायीहरूले अर्को व्यवस्थापन नहुँदासम्मका लागि बैंकको ब्याज स्थिर राख्न समन्वय गर्ने पनि अध्यक्ष रानाभाटले बताए ।

सडक डिभिजन कार्यालय हेटौंडाले शनिबार बिहानबाट पूर्व-पश्चिम राजमार्ग र त्रिभुवन राजपथको सडक सीमाको केन्द्ररेखादेखि २५/२५ गजभित्र यसअघि नै रेखांकन गरिएका घर टहरा र संरचनाहरु एकैदिन भत्काएको छ । सडक दायाँबायाँका घरहरु भत्काउन सुरु भएसंगै बजार अस्तव्यस्त र विद्युत, इन्टरनेट तथा अन्य सेवाहरु प्रभावित भएका छन् ।

## सकियो थाहानगरको ऐतिहासिक इन्द्रायणी जात्रा



साझाकुरा संवाददाता

हेटौँडा, २१ मंसिर/ मकवानपुरको थाहा नगरपालिकामा तीन वर्षमा एकपटक लाग्ने ऐतिहासिक इन्द्रायणी जात्रा आइतबार समापन गरिएको छ । मंसिर १८ गतेदेखि सुरु भएको जात्रा इन्द्रायणी मन्दिरबाट रथ उठाई पुन: पालुङको देउता घर पुऱ्याएसँगै जात्रा विधिवत् रुपमा सकिएको पुजारी सम्पूर्ण श्रेष्ठले जानकारी दिए ।

जात्रामा पालुङ सहरबाट भगवान गणेश, इन्द्रायणी, कुमारी र कालभैरबको रथ इन्द्रायणी मन्दिरमा लैजाने गरिन्छ । थाहा नगरपालिका वडा नम्बर २ देउला गाउँ (इन्द्रायणी बस्ती) मा राखिएको भगवानको मूर्तिलाई पालुङ सहरको डबलीमा पुऱ्याइ तान्त्रिक विधिबाट पूजा गरी रथमा राखेर दुई दिनअघि इन्द्रायणी मन्दिरमा पुऱ्याइएको थियो । सोही दिन वडा नम्बर ३ गोपाली गाउँबाट सेति गणेशको रथ इन्द्रायणी मन्दिरमा पुऱ्याइएपछि जात्रा सुरु भएको हो ।

मंसिर २० गते अर्थात् जात्राको तेस्रो दिन मन्दिरबाट रथ उठाइ विभिन्न खटमा विधिपूर्वक बलीसहितको पूजा गरी रथलाई इन्द्रायणी बस्तीको देउता घर पुऱ्याइएको छ । जात्रा सुरु गर्दा ४ दिनअघि इन्द्रायणी बस्तीबाट रथ पालुङ डबलीमा पुऱ्याई देउताका मुकुटहरु चौथो दिन रथमा राखेर इन्द्रायणी मन्दिर लैजाने गरेको भएपनि रथ भित्र्याउँदा एकै दिन रथ र मुकुट देउता घर पुऱ्याउने चलन छ ।

प्रत्येक तीन/तीन वर्षमा लाग्ने ऐतिहासिक इन्द्रायणी जात्रा नेवार समुदाय र देउला समुदायले मिलेर मनाउने गर्दछन् । जात्राको व्यवस्थापन इन्द्रायणी भगवती कालभैरब गुठी संरक्षण समितिले गर्दै आएको छ । देउला गाउँका पुजारीहरूले काम्दै पुजाआजासहित भगवान मञ्जुर बनाएपछि मन्दिरबाट रथ र मुकुट फर्काइन्छ ।

रथ लैजाने र पूजाको विधिमा मुख्यगरी यी दुई समुदायको भूमिका रहने भएपनि यो जात्रा मकवानपुरकै ऐतिहासिक धरोहरको रुपमा परिचित छ । जात्रा ३ सय ५७ वर्ष पुरानो इतिहाससँग जोडिएको स्थानीय निरोज प्रधानले बताए । आफ्ना पुर्खाहरूले मनाउँदै आएको जात्रालाई आफूहरूले पनि निरन्तरता दिएको इन्द्रायणी भगवती कालभैरब गुठी संरक्षण समितिका अध्यक्ष श्यामभक्त श्रेष्ठले जानकारी दिए ।

मेलाको पहिलो दिन इन्द्रायणी चौरमा रहेको इन्द्रायणी मन्दिरमा रथ पुऱ्याउने र त्यसपछिको दुई रात पञ्चबलीसहितको होम गर्ने र तान्त्रिक विधिबाट पूजा गर्ने प्रचलन छ । दोस्रो दिनमा सर्वसाधारणको नियमित र भाकल पूजा गर्ने तथा तेस्रो दिन पूजाआजा गरी अपरान्ह रथ फर्काउने प्रचलन रहेको छ । इन्द्रायणीको प्रसाद पूजाको अन्तिम दिनमात्र वितरण गरिन्छ । जात्रामा मकवानपुरको थाहानगरसहित छिमेकी पालिकाहरु र मुख्य गरेर काठमाण्डौ, हेटौंडा, धादिङ, काभ्रेलगायत क्षेत्रका भक्तजनहरुको तीन दिनसम्मै उल्लेख्य उपस्थिति थियो ।

## राक्सिराङ ६ घोरसिमी कालिका थानमा विशेष मेला हुने

साझाकुरा संवाददाता

हेटौँडा, २१ मंसिर/ धान्यपूर्णिमाको अवसरमा घोरसिमी कालिका थानमा विशेष मेला-२०८२ आयोजना गर्ने तयारी गरिएको छ ।

राक्सिराङ-६ सिमर गाउँस्थित घोरसिमी कालिकाथान व्यवस्थापन समितिद्वारा आगामी मंसिर २१ गते गरिने उक्त मेलामा स्थानीय कलाकारहरूको विशेष प्रस्तुति रहने आयोजकले जनाएको छ ।

मेलाको तयारी अन्तिम चरणमा रहेको र मेलालाई आकर्षक तथा भव्य बनाउन स्थानीय युवाहरू सक्रिय रहेको समितिले जानकारी दिएको छ । धार्मिक तथा सांस्कृतिक महत्व बोकेको धान्यपूर्णिमालाई विशेष पर्वको रूपमा मनाउने उद्देश्यले हरेक वर्षझैं यसवर्ष पनि घोरसिमी कालिकाथान परिसरमा मेला आयोजना गर्न लागिएको हो ।

मंसिर २१ गते साँझ ४ बजेबाट सुरु हुने मेलामा स्थानीय कलाकारहरूको प्रस्तुति, सांस्कृतिक कार्यक्रम, मनोरञ्जन तथा धार्मिक गतिविधि रहने आयोजक समितिले बताएको छ । आयोजकले स्थानीयवासी, भक्तजन तथा शुभेच्छुक सबैलाई मेलामा सहभागिता जनाई सांस्कृतिक पर्वलाई सफल बनाउन निम्तोसमेत गरेको छ ।

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

| पद | आवश्यक संख्या |
|---|---|
| कुक | १ जना |
| बेकरी म्यान | १ जना |

सम्पर्क नं. ९८५५०७२१०९

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# विकास र संवेदनशीलताको दोहोरो परीक्षा

हेटौंडामा जारी सडक विस्तार अभियान अदालतको उत्प्रेषण आदेशसँगै रोकिएको छ । २५-२५ गजको मापदण्डमा मुख्य सडक विस्तार गर्ने योजना अघि बढिरहेका बेला सर्वोच्च अदालतले यथास्थितिमा राख्न निर्देश गरेपछि काम तत्कालका लागि स्थगित भएको हो । पूर्वसांसद विन्दवासिनी कंसाकारले दायर गरेको रिटमा न्यायालयले दुवै पक्षको छलफलपछि मात्र अन्तरिम आदेश जारी हुने-नहुने टुंगो निकाल्ने भनिएको छ । यसबीच संरचना भत्काउने, मुआब्जाको व्यवस्था, वातावरणीय असर र जनजीवनमा पर्ने प्रभावले यस विषयलाई सामान्य प्रशासनिक प्रक्रियाभन्दा धेरै गम्भीर राष्ट्रिय बहसको विषय बनाइदिएको छ । सडक विस्तार विकासको अनिवार्य स्वरूप हो । हेटौंडा औद्योगिक, व्यापारिक र भौगोलिक दृष्टिले देशको महत्त्वपूर्ण केन्द्र हो । विस्तार हुने ९.५ किलोमिटर सडक खण्ड महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको जंक्शन क्षेत्र भएकाले यसको स्तरोन्नति शहरको भविष्यको मूल कडी बन्न सक्छ । भीडभाड, ट्राफिक जाम, सडक दुर्घटना र व्यापारिक गतिशीलताको विस्तारका लागि चौडा सडक अपरिहार्य छ भन्ने तथ्य नकार्न सकिँदैन। यही कारण सडक डिभिजनले १५ दिने अल्टिमेटम दिएर चौथो पटक सूचना प्रकाशित गऱ्यो । आदेश पर्खाइमा नबसी डोजर चलाऊँदा विवाद चर्कियो र अन्तत: अदालतको हस्तक्षेप आवश्यक ठहरियो । तर विकासका नाममा मानवीय संवेदनशीलता र कानुनी प्रक्रिया अवमूल्यन हुनु हुँदैन। एकैदिन ७ किलोमिटर क्षेत्रमा ५ सयभन्दा बढी संरचना सांकेतिक रूपमा भत्काइँदा, सयौं परिवार विस्थापनको मनोदशामा पुगे । सामान निकाल्न दुई दिन मात्र मिल्दा धेरै घर धनी मानसिक र आर्थिक दबाबमा परे । यस्ता कार्य योजनाबद्ध पूर्वतयारी बिनै अघि बढ्दा स्थानीयमा अविश्वास र क्रोध उस्तै भड्कन सक्छ । विकास होइन 'जबर्जस्तीको कार्यान्वयन' भन्ने भावना समाजमा गहिरियो भने राज्य-जनता सम्बन्धमै छिद्र पर्न सक्छ ।

मुआब्जा वितरणबारे छलफल सुरु भएको बताइएका भए पनि 'कति', 'कसरी' र 'कस्तोलाई' भन्ने विषय अझै अस्पष्ट छ । सडक डिभिजनले तयारी चरणमा डीपीआर बनाउने, सेट-ब्याक मिलाउने र चालु वर्षमै टेन्डरमा लैजाने भन्यो । तर पुनर्निर्माणको ठोस योजना, पुनर्स्थापना सहायता र दीर्घकालीन समाधानबिनाको भत्काउने अभ्यासले विकासले कति पीडा बोकेको छ भन्ने प्रश्न उठाएको छ । जनताको सम्पत्ति हक संविधानद्वारा सुनिश्चित अधिकार हो । योजना कति ठुलो भए पनि जनस्वीकृति, सहमति र न्यायोचित क्षतिपूर्ति बिना लागू गरिने परियोजना नैतिक र कानुनी दुवै हिसाबले अस्थिर हुन्छ । अर्को संवेदनशील पक्ष वातावरणीय क्षति हो । हेटौंडालाई पहिचान दिने अशोकका रुखहरू एक-एक गर्दै ढले । २५-३० रुख ढलिसक्दा हरियाली मात्रै होइन, शहरको स्मृति र सौन्दर्य पनि लड्यो । विकासको गति बढाउन हरियाली बलिदान दिनुपर्ने बाध्यता कति जायज ? सडक चौडा बनाउनु आवश्यक हो भने समानुपातिक वातावरणीय प्रतिस्थापन, वृक्षारोपण योजना र दीर्घकालीन सन्तुलनका उपाय अगाडि नआएसम्म यो कदम शहरको वातावरणीय भविष्यसँग खेलबाड बन्न सक्छ । शहर ग्रीन सिटी भनेर गौरव गर्ने तर हरियाली नै मेटाउँदै अघि बढ्ने विरोधाभास स्थानीयलाई चुप बस्न नदिनु स्वाभाविक हो । सडक विस्तार रोकिए पनि स्थान-स्थानमा घरधनी स्वयं संरचना हटाइरहेकाले विकासप्रतिको समर्थन पनि देखिन्छ । यसको अर्थ स्थानीय जनताले आधुनिक र सुव्यवस्थित शहर चाहेका छन् तर उनीहरूले सो विकास न्यायोचित, पूर्वतैयारीसहित र अधिकारमैत्री ढंगले कार्यान्वयन होस् भन्ने अपेक्षा राख्छन् ।

अब अदालतको २६ मंसिरको पेशी महत्वपूर्ण मोड हो । आदेश स्थगन जारी रहन्छ वा प्रगति अगाडि बढ्छ भन्ने दिशा त्यहींबाट निश्चित हुनेछ । तर न्यायालय जे निर्णय देओस्, राज्यसँग एउटा ठूलो नैतिक उत्तरदायित्व छ– विकासका नाममा कुनै पनि नागरिकलाई अन्याय नहोस्, विस्थापितहरूको पुनर्स्थापना सुनिश्चित होस् र वातावरणीय चासोलाई उपेक्षा नगरियोस् । सडक चौडा बनाउने लक्ष्य सही होह तर त्यसले जीवन साँघुरो बनाउनु हुँदैन। हेटौंडाको सडक विस्तार अहिले 'विकास' र 'संवेदनशीलता' दुबैको परीक्षा बनिसकेको छ । समाधानको मार्ग स्पष्ट छ–पारदर्शी प्रक्रिया, सर्वपक्षीय संवाद, उचित क्षतिपूर्ति, पर्यावरणीय संतुलन र योजनाबद्ध पुनर्निर्माण । यी आधारहरूमा सरकार उभिन सके हेटौंडा विस्तारित सडकसँगै आधुनिक, व्यवस्थित र हरियाली सहरको रूपमा पुनर्जीवित हुनेछ । नत्र सडक चौडा भएर पनि विकास साँघुरो परिभाषामा सीमित रहिरहनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर २३ गते मंगलबार ९ डिसेम्बर २०२५ । पञ्चमी, पौष कृष्णपक्ष । थिंलागा ११४६ ने.सं. । सूर्योदय ६:४४ सूर्यास्त ५:०७ । भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद बढ्न सक्नेछ | **तुला** | : शुभ समाचार सुन्न पाइनेछ |
| **वृष** | : उत्साह कम हुनेछ | **वृश्चिक** | : मान सम्मान पाउन सकिनेछ |
| **मिथुन** | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | **धनु** | : मन खिन्न हुन सक्नेछ |
| **कर्कट** | : उदर-विकार हुन सक्नेछ | **मकर** | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| **सिंह** | : परिवारमा उन्नति हुनेछ | **कुम्भ** | : राजनीतिमा सफलता मिल्नेछ |
| **कन्या** | : काममा रोकावट आउन सक्नेछ | **मीन** | : काममा विलम्ब हुनेछ |

# आप्रवासी श्रमिकलाई मताधिकारको चुनौती



मीना पौडेल

केही समयदेखि आप्रवासी श्रमिकको मताधिकारको बहसले पुन: प्रवेश पाएको छ । उसो त, जब-जब संघीय निर्वाचन नजिकिन्छ, तब-तब आप्रवासी श्रमिकको मताधिकारको सन्दर्भले पनि चर्चा पाउने गरेको छ । निर्वाचन पश्चात् फेरि अर्को निर्वाचनको मिति तय नभएसम्म चर्चा हराउने गरेको छ । यो क्रम करिब एक दशकदेखि चल्दै आएको छ । वर्तमान संवैधानिक प्रावधान तथा तिनको कार्यान्वयनका लागि सर्वोच्च अदालतले दिएको निर्देशनप्रति राजनीतिक दल र सरकारहरूको बेइमानीले गर्दा आप्रवासी श्रमिकहरूको मताधिकारको प्रावधान 'एकादेशको कथा' जस्तै भएको छ । यो यथार्थ त सायद अहिले यो बहसमा भाग लिने श्रमिकलगायत सबै तप्कालाई पनि अवगत नै छ ।

तत्कालीन भ्रष्ट शासकहरूले विप्रेषणबाट निर्मित राष्ट्रिय ढुकुटीमाथि दशकौं बेहिसाब राइँदाइँ गरे । तर अर्थतन्त्रका मियो दसौं लाख युवाको मताधिकारलाई बेवास्ता गरे । बरु युवा बेचेर सत्ता लम्ब्याउनै तल्लीन भए । उनीहरू नै अहिले चर्को स्वरमा वैदेशिक रोजगारलगायत विभिन्न उद्देश्यले मुलुकबाहिर कार्यरत नेपाली मतदातालाई फागुनमा हुने आमनिर्वाचनमा जसरी पनि सहभागी हुने वातावरण बनाउन अन्तरिम सरकारलाई भनिरहेका छन् । अनौठो छ । दशकौं आफूहरूले बेवास्ता गरेको यो जटिल र चुनौतीपूर्ण काम दुई-तीन महिनामै, उनीहरूले नै नरुचाएको र असहयोग गरिरहेको अन्तरिम सरकारले गर्न सक्छ ? यथार्थ उनीहरूले पनि बुझेका छन् । तर, उनीहरूको कुटिल चाललाई आप्रवासी श्रमिकलगायत मुलुक लोकतान्त्रिक लयमा फर्केको देख्न चाहने हामी सबैले बुझ्न जरुरी छ ।

वर्तमान संविधान र प्रणालीलाई अझ सुदृढ पार्न र भ्रष्टाचारको अन्त्य गरी सुशासनको सुनिश्चितता गर्न पछिल्लो आन्दोलन भएको थियो । त्यसलाई नेतृत्व गरेको युवा पुस्ताले पनि बुझ्न जरुरी छ, सय बढी मुलुकमा छरिएर रहेका नेपाली मतदातालाई फागुनमै हुने निर्वाचनमा कार्यस्थलबाटै सहभागी गराउन कानुनी, राजनीतिक, कूटनीतिक, प्राविधिक र व्यावहारिक रूपमै असम्भव छ ।

विदेशी गन्तव्यबाट मताधिकार प्रयोग गर्ने काम सहज होइन । तर यतिका वर्षसम्म कुनै प्रयाससम्म गरियो कि गरिएन भन्ने प्रश्नचाहिँ उठ्छ । हाम्रो जस्तै विप्रेषण निर्भर इस्टोनिया, फिलिपिन्स र इन्डोनेसियालगायतका मुलुकहरूले यो जटिल कामका लागि प्रयास गर्दै र अनुभव सँगाल्दै निरन्तर अगाडि बढिरहेका छन् । यद्यपि त्यतातिरका अध्ययनहरूका अनुसार उनीहरूको श्रम आप्रवासन सापेक्ष निर्क्योलमा पुग्न अझ धेरै काम गर्नुपर्नेछ, खासगरी निर्वाचन कूटनीति र साइबर कूटनीतिको दृष्टिले । हामीले किन प्रयासको थालनीसम्म गरेनौं ? यसको जवाफ मुलुकलाई यो स्थितिमा पुऱ्याएर राजनीतिक सान्दर्भिकता गुमाइसकेका नेताहरूले दिनुपर्छ कि पर्दैन ? यस्ता प्रश्नको उत्तर हामीले प्रत्येक राजनीतिक पार्टी र उसका उम्मेदवारबाट खोजिरहनुपर्छ ।

यो त भयो, आप्रवासी श्रमिक र विदेशमा रहेका नेपाली मतदाताको मताधिकारका सन्दर्भमा आजसम्मको स्थिति । तर युवा नेतृत्वले उलटपुलट पारेको अहिलेको राजनीतिक माहोललाई हामीले भुल्नु हुँदैन । मौलिक अधिकारको बिनापूर्वाग्रह सुनिश्चितता हुनुपर्छ । साथै, आप्रवासी श्रमिकको मताधिकारसम्बन्धी सामाजिक न्यायलाई पनि ध्यान दिनुपर्छ । त्यसैले हामी सबैले पैरवी गर्नु जरुरी छ- प्रधानमन्त्री सुशीला कार्कीले केही अगाडि व्यक्त गरेजस्तै एउटा सार्थक प्रक्रियाको प्रारम्भ गर्न यो सरकारले विलम्ब गर्नु हुँदैन । यदि अहिलेको अन्तरिम सरकारले एउटा प्रक्रिया सुरुवात गरेन भने निर्वाचनपछि फेरि उही शून्य प्रतिफलमा पुग्ने सम्भावना त छँदै छ । तैपनि, हाम्रो बहस जसरी भए पनि यसैपालि संसारभर छरिएका नेपाली मतदाताले गन्तव्यबाटै मत खसाल्न पाउनुपर्छ भनेर असम्भव कुरामा दबाब दिनेतर्फ भन्दा पनि यसपालि आप्रवासी श्रमिकको मताधिकारका लागि आधारभूत प्रक्रिया सुरु गर्नुपर्छ भन्ने केन्द्रित गर्नु समय सान्दर्भिक हुनेछ । जसकारण, निर्वाचनपछि आउने जनप्रतिनिधि र निर्वाचित सरकारले इमानदारिताका साथ उपयुक्त प्रक्रिया अगाडि बढाओस् । अनि अर्को आवधिक निर्वाचनमा भारतलगायत सम्भव भए जति मुलुकमा कार्यरत श्रमिक, विद्यार्थी र अन्य व्यवसाय संलग्न योग्य नेपाली मतदाताले आफ्नो गन्तव्यबाटै मत दिन पाऊन् ।

अरू मुलुकको अभ्यासले पनि यस्तै संकेत गर्छन् । हामीले चाहेजस्तो स्थिति भने अहिलेसम्म भए/गरेका अनुसन्धान र सिकाइहरूलाई विश्लेषण गर्दा पाइँदैन । परिपक्व लोकतन्त्र तथा स्थिर र तुलनात्मक रूपमा असल सुशासन भएका भनिएका, प्रविधिमा माहिर ठानिएका युरोपेली र अमेरिकीहरूको पनि अनुभव जटिल छ । अधिकांशमा त हुलाकी मतदान प्रक्रिया छन्, जसका लागि महिनौंसम्म मतदान गर्ने समय दिइन्छ ।

### अभ्यासमा रहेका प्रमुख विधि

आन्तरिक आप्रवासन रहेका हुन् वा बाह्य गन्तव्यमा रहेका हुन्, समग्रमा आफ्ना थातथलोभन्दा बाहिर रहेकाहरूले मतदानका लागि चार वटा विधि प्रयोग गरिरहेको देखिन्छ- १) आफ्ना दूतावासमा गएर मतपेटिकामा गरिने मतदान, २) हुलाकमार्फत गरिने मतदान, ३) 'प्रोक्सी' मतदान अर्थात् मतदाताले मञ्जुरीनामा दिएको व्यक्तिले दिने मतदान र ४) इन्टरनेट मतदान । यी चार विधिबाट गरिने मतदान प्रक्रिया संयुक्त राष्ट्रसंघका आप्रवासीका अधिकार सम्बन्धी छलफलहरूमा पनि व्यवस्थित रूपमै उठ्ने गरेको केही दशक भइसकेको छ । यी विधिहरूका आ-आफ्नै प्रकृतिका सम्भावना र चुनौतीहरू छन् । तर समग्रमा राजनीतिक, कूटनीतिक र व्यवस्थापनमा चुनौती केन्द्रित भएको पाइन्छ । चुनौतीको प्रवृत्ति र गाम्भीर्यता आप्रवासीको आफ्नो मुलुक र गन्तव्य मुलुकबीचको कूटनीतिक सम्बन्ध र शक्ति सन्तुलनले बढी निर्धारण गर्ने गरेको अनुभवजन्य अध्ययन/अनुसन्धानले संकेत गरेका छन् ।

मुलुकबाहिर रहेका आफ्ना मतदाताका लागि विभिन्न मुलुकले फरक-फरक विधिको अभ्यास गरेको पाइन्छ । कतिपयले मिश्रित विधि पनि अपनाएको पाइन्छ । नेपालको सन्दर्भमा केही साता अगाडि नीति अनुसन्धान प्रतिष्ठानले सरकारका लागि गरेको संक्षिप्त अध्ययनले पनि 'प्रोक्सी' मतदानबाहेकका तीन वटा विधिलाई सन्दर्भमा राखेर सरकारलाई सुझाएको छ, जसमा मिश्रित विधि पनि अपनाउन सकिने निष्कर्ष निकालिएको छ । नेपाली चरित्रको श्रम आप्रवासन र उस्तै गन्तव्य रहेका मुलुकहरूको सन्दर्भ कोट्याउँदा इन्डोनेसिया र फिलिपिन्स अलिक सान्दर्भिक देखिन्छन्, अवसर र चुनौतीका दृष्टिले । जस्तै, इन्डोनेसियाले मलेसियामा कार्यरत आफ्ना लाखौं नागरिकका लागि सन् २०१९ को निर्वाचनमा दूतावास र राजदूतको निवासमा मतपेटिका राखेको थियो । त्यहाँ स्वयं उपस्थित भएर मत दिन सकिने अवसर दिएको थियो । जसमा क्वालालम्पुर वरिपरि रहेका केही सय मात्र उपस्थित भएका थिए । यस विधिले समग्र मतदाताको अवसरको प्रतिनिधित्व नगरेको भनेर अनुसन्धानहरूमा जिकिर गरिएको पाइन्छ ।

श्रम आप्रवासन व्यवस्थापनमा सकारात्मक दृष्टान्त रहेको फिलिपिन्सले सन् २००२ देखि आप्रवासी श्रमिकको मताधिकारका लागि भनेर कानुन निर्माण गर्ने प्रक्रिया सुरु गरेको थियो । दूतावास, परराष्ट्र सेवा प्रदायक निकायमा उपस्थित भएर वा हुलाकमार्फत आफूलाई सहज हुने विधि उपयोग गर्ने भन्दै मिश्रित तरिका अंगीकार गरिएको छ । पछिल्लो समय इन्टरनेट मतदान विधि पनि सुरु गरिएको भनेर फिलिपिनी आप्रवासी सञ्जालहरूले भन्छन् । यद्यपि यी दुवै मुलुकको प्रयासहरूका बारेमा गरिएका अनुसन्धानका परिणाम त्यति उत्साहजनक नभएको बुझिन्छ ।

यी त भए हाम्रो चरित्रको लोकतन्त्र, आप्रवासन व्यवस्थापन र साझा गन्तव्यसँग सम्बन्धित सन्दर्भहरू । फरक चरित्रका गन्तव्य श्रम बजार र फरक सामाजिक-राजनीतिक चेतना भएका भनेर बुझिएका समाजको अनुभव पनि खासै फरक लाग्दैनन् । माथि उल्लेख गरेका चार विधिहरू वरिपरि या मिश्रित प्रयासहरूका बारेमा संयुक्त राष्ट्रसंघ र निर्वाचनसम्बन्धी काम गर्ने संस्थाहरूले गरेका विभिन्न अध्ययनअनुसार युरोपेली, उत्तर-मध्य-दक्षिण अमेरिका, बेलायती र अफ्रिकनलगायत अन्य विकसित भनिएका मुलुकका अनुभव पनि चुनौतीपूर्ण नै लाग्छन् । यसले गर्ने संकेत भनेको हामीले जुनसुकै विधि अपनाए पनि चुनौती रहन्छन् । चुनौती न्यूनीकरणका लागि गरिने प्रयासहरू समय, प्रविधि, सुरक्षा, मतदाताको चेतना, गन्तव्य देशको लोकतान्त्रिक वातावरण र दुई मुलुकबीचको कूटनीतिको विविधीकरण सापेक्ष हुनुपर्ने हुन्छ । यी सबैका लागि हामी आगामी मात्र होइन, त्यसपछिका निर्वाचनका लागि पनि तयार छौं त भन्ने नै आजको प्रश्न हो । यो प्रश्नलाई अब बन्ने जननिर्वाचित सरकार र संघीय संसद्ले सम्बोधन गर्नुपर्ने हुन्छ ।

### औंल्याइएका चुनौतीहरू

विभिन्न मुलुकका अनुभवलाई आधार मानेर गरिएका अध्ययनहरूले औंल्याएका चुनौतीहरू उस्तै नै देखिन्छन् । संक्षेपमा केही बुँदा तयार गर्न सकिन्छ । १) गन्तव्य मुलुकबाट मतदान गर्ने मतदाताको राजनीतिक चेतना, प्रविधिजन्य सीप र मतदानप्रति उसको रुचि, जसलाई कतिपय मुलुकले मतदान साक्षरताको स्थिति पनि भन्ने गरेका छन् । २) आफ्नो मुलुक र गन्तव्य मुलुकको साइबर सुरक्षा प्रबन्ध । ३) जटिल कूटनीति, जसमा राजनीतिक/निर्वाचन, श्रम र साइबर कूटनीति पर्छन् । ४) राजनीतिक चुनौती, यो चुनौतीले गन्तव्य मुलुकको लोकतन्त्रप्रतिको बुझाइ, प्रतिबद्धता, उसको राजनीतिक प्रणाली र त्यस प्रणालीभित्र परिभाषित नागरिकको मौलिक अधिकारका सन्दर्भहरू समेट्छ । ५) कानुनी चुनौती । ६) आर्थिक चुनौती । ७) प्रशासनिक/व्यवस्थापकीय चुनौती । ८) अन्तरनिकाय र अन्तरदेशीय, बहुपक्षीय समन्वयको चुनौती, यो मूल रूपमा कूटनीति र दूतावासको क्षमता, रणनीति र कार्यक्षेत्रसँग सम्बन्धित छ । ९) अनौपचारिक रूपमा/दलालमार्फत बेचिएका, तस्करीमा परेका लगायत निजी घरमा काम गर्ने घरेलु श्रमिकसँगको पहुँचको चुनौती ।

एकातिर हाम्रोजस्तो एकीकृत आप्रवासन नीतिसमेत नभएको मुलुकका लागि यी चुनौतीहरू थप पेचिला हुने नै भए । अर्कोतिर, एकीकृत आप्रवासन नीति नहुनुमा आप्रवासनका बारेमा रहेको राष्ट्रिय दृष्टिकोणको अभाव पनि हो । आप्रवासनका बारेमा मन्त्रालयपिच्छेका परिभाषा र राजनीतिक दलपिच्छेका बुझाइ भएको हाम्रो मुलुकमा व्यावहारिक/धरातलीय चुनौतीका फेहरिस्त अझ लामो हुन सक्छ ।

### श्रम सम्झौता नै जोखिममा पर्न सक्छ

अध्ययनहरूका अनुसार गन्तव्य मुलुकको लोकतन्त्रप्रतिको दृष्टिकोण र उनीहरूले अपनाएको राजनीतिक पद्धतिले निर्देश गरेको नागरिक अधिकारको खाका, श्रम कूटनीति, सामाजिक चरित्रलगायतले गर्दा माथि औंल्याइएका चुनौतीहरूले गन्तव्य मुलुकलाई भन्दा श्रमिक पठाउने मुलुकलाई बढी पिरोल्ने देखिन्छ । किनकि श्रमिक पठाउने र रोजगारी दिने गन्तव्यको बीचमा आर्थिक मात्र नभएर राजनीतिक शक्तिको समेत असमानता रहेको हुन्छ । त्यसको पहिलो प्रहार श्रम सम्झौता र समग्र आप्रवासनमा पर्ने सम्भावना हुन्छ । किनकि, गन्तव्यसँग के कामका लागि कुन मुलुकका कस्ता र कति श्रमिक लिने भन्ने निर्णय गर्ने हैसियत हुन्छ । अर्कोतर्फ, हामीले भने असमान सम्झौतामा सही गरेरै भए पनि जसरी हुन्छ, बेरोजगार युवा बढीभन्दा बढी लागिदेऊ भन्ने नै हो । सन् २०२२ मा कतारमा भएको विश्वकप फुटबलको सन्दर्भमा उठेको श्रमिकको मानवअधिकार र सधैं चुनौतीका रूपमा रहेको घरेलु श्रमिक र महिला श्रमिकका लैंगिक पक्षको सन्दर्भ उठाउँदा उनीहरूबाट पाइएको कूटनीतिक जवाफ र व्यवहारबाटै अनुमान गर्न सकिन्छ, हाम्रा नागरिकको मताधिकार सुनिश्चित गर्ने श्रम सम्झौताका कुरामा उनीहरूबाट के जवाफ पाइएला भनेर ।

भारतसँग हुने आप्रवासन अनौपचारिक चरित्रको भएको र भारत आफैं लोकतान्त्रिक गन्तव्य भएका कारण साइबर सुरक्षासहित अन्तरदेशीय मत सुरक्षाको सन्दर्भले बढी महत्त्व राख्ला । न कि दुईपक्षीय श्रम सम्झौतामा आवश्यक पर्ने निर्वाचन कूटनीति ।

### अर्को निर्वाचनका लागि अहिल्यै प्रक्रिया सुरु गरौं

वर्षौंदेखि श्रम सम्झौता नवीकरण नहुनु, नयाँ गन्तव्यसँग श्रम सम्झौता हुन नसक्नु, भएका पनि श्रमिकमैत्री नहुनु, दुईपक्षीय सामान्य समझदारी पनि कार्यान्वयन नहुनुजस्ता कारणले श्रमिकले चरम शोषण र उत्पीडन खेप्नुपरेको छ । पार्टीका भ्रातृ संगठनका रूपमा फस्टाएका नेपाली वैदेशिक रोजगार व्यवसायी र उनका तहगत आन्तरिक र अन्तर्राष्ट्रिय दलालबाट ठगिने, घरेलु श्रमिकका नाममा बेचिने, तस्करीमा फस्ने, बलात्कृत हुने र कतिपय सन्दर्भमा मारिने घटना पुनरावृत्त भइरहेका हुन्छन् । यस्तो अवस्थामा हामीले अहिलेकै परिस्थितिमा निर्वाचन कूटनीति सहितको श्रम कूटनीति तय गरी मताधिकार उपयोग गर्ने वातावरण बनाउँछौं भन्नु गन्तव्य मुलुकमा कार्यरत मतदातालाई ढाँट्नु हो ।

श्रम सम्झौता हुन नसकिरहेको अहिलेको हाम्रो गन्तव्य मुलुकसँगको तरल श्रम सम्बन्धमा निर्वाचन कूटनीति र त्यसमा जोडिएको साइबर कूटनीतिको कुरा गर्न सक्ने न त हाम्रो कूटनीतिक हैसियत छ, न त उनीहरूले सुन्ने छन्, बरु भविष्यमा गर्नुपर्ने श्रम सम्झौता नै नगर्न सक्छन् । जस्तो कि, घरेलु श्रमिकको सन्दर्भको कुरा नमिलेर कतिपय खाडी मुलुकले श्रम सम्झौता नै गर्न आनाकानी गरिरहेका छन् । त्यसैले अहिले हठात्मा माथि औंल्याइएका चुनौतीको बेवास्ता गरी निर्णय गर्दा वा गर्न दबाब दिनुभन्दा प्रधानमन्त्रीले भनेझैं प्रारम्भिक तयारी अहिलेदेखि नै थालौं र अर्को निर्वाचनसम्ममा कम्तीमा केही मुलुकहरूमा परीक्षणकै रूपमै भए पनि इन्टरनेट वा मिश्रित मतदानको लक्ष्यसहित अगाडि बढौं । यो नै सान्दर्भिक हुनेछ ।

अन्त्यमा, आप्रवासी श्रमिकको मताधिकारको कुरा गर्दा हामीले आन्तरिक श्रम बजारमा श्रम गर्ने श्रमिकको सन्दर्भ पनि बिर्सनु हुँदैन, जुन छुट्टै बहसको विषय हो । किनकि, आन्तरिक श्रमिक जो आफ्नो थातथलोभन्दा टाढा मुलुकका कुनाकाप्चामा बसेर श्रम गर्न बाध्य छन्, उनीहरूको मताधिकारको सुनिश्चितता गर्न सरकारलाई त्यति चुनौतीपूर्ण छैन । त्यसैले यो फरक प्रवृत्तिको अवस्था भएकाले यसबारेमा छुट्टै बहस गर्नु उचित हुन्छ ।

*(साभार: ई-कान्तिपुर)*

# उपभोक्ता अधिकार उल्लंघन: समस्या दैनिक, समाधान टाढा

स्वेच्छा चौधरी

हामी सबै उपभोक्ता हौं, चाहे बजारमा सामान किन्न जाऊँ वा अनलाइन एपमार्फत सेवा मागौं । तर अहिलेको अवस्थामा उपभोक्ताले पाउनुपर्ने सम्मान, सुरक्षा र पारदर्शिता पाउँदैनन् भन्ने कुरा लगभग सबैले भोगेका छन् । उपभोक्ता अधिकार भन्ने कुरा कागजमा त राम्ररी लेखिएको छ, तर व्यवहारमा मुनाफाखोर व्यापारीदेखि नियमन गर्ने निकायसम्मको उदासीनताले उपभोक्ता नै कमजोर पक्ष बन्न पुगेका छन् ।

उपभोक्ता भनेको कुनै सामान, सेवा वा सुविधा प्रयोग गर्ने व्यक्ति हो, पैसा तिरेर किनेको होस् वा ओछ्यानमा बसेर मोबाइलमार्फत मागेको होस् । जसले कुनै उत्पादन, सेवा वा सुविधा आफ्नो व्यक्तिगत प्रयोग, पारिवारिक उपयोग वा जीवनयापनका लागि प्रयोग गर्छ, उसलाई नै उपभोक्ता भनिन्छ । यसमा बच्चादेखि बुबा-आमा, अफिस कर्मचारी, अनलाइन ग्राहक, सबै पर्छन् । सरल भाषामा भनौं भने, 'जसले केही किन्छ, प्रयोग गर्छ र त्यसको गुणस्तर-सुरक्षामा अधिकार राख्छ, ऊ नै उपभोक्ता हो ।'

सबैभन्दा पहिले कुरा गरौं गुणस्तरहीन सामान र सेवाहरूको । अहिले बजारमा पाइने धेरै सामान एउटै ब्रान्डको नाममा भए पनि गुणस्तर भने एक-अर्काभन्दा निकै फरक हुन्छन् । कतिपय सामानमा उत्पादन मिति, उपभोग म्याद वा आवश्यक विवरण स्पष्ट हुँदैनन् । कतै मिति धमिलो पारेर लेखिएको हुन्छ, त कतै मूल्य नै उल्लेख गरिएको हुँदैन । यस्तो अवस्थामा उपभोक्ताले दिएको रकमअनुसार गुणस्तर पाउने अपेक्षा नै अधुरो रहन्छ । यसबाहेक, बजारमा चलेका विभिन्न 'छुट योजना', 'आजकै लागि विशेष अफर' जस्ता आकर्षक प्रचारहरू प्राय: उपभोक्तालाई लोभ्याउने चालभन्दा बढी केही हुँदैनन् । यस्ता अफरमा पुरानो भण्डारण निकाल्ने, गुणस्तर घटाएको सामान बेच्ने वा वास्तविक मूल्यभन्दा बढी देखाएर छुट दिएको जस्तो देखाउने प्रवृत्ति बढ्दै गएको छ ।

यसरी, बाहिरबाट हेर्दा मन छुने अफर देखिए पनि भित्री हिसाब-किताब धेरैजसो उपभोक्ताको हितमा हुँदैन । अनलाइन किनमेलको अवस्था पनि यस्तै छ । अनलाइनमा देखाइएका तस्वीर वा भिडियो हेर्दा सामान निकै आकर्षक देखिन्छ- रङ्ग मिलेको, डिजाइन राम्रो, गुणस्तर उत्कृष्ट, तर घरमा आइपुग्दा धेरैपटक पूर्णरूपमा फरक वस्तु आउँछ । कहिले आकार नमिल्ने, कहिले रङ्ग नै भिन्न हुने, कहिले गुणस्तर निकै कमजोर हुने ।

कतिपय अवस्थामा त मानिसले अर्डर गरेको भन्दा बिल्कुल फरक वस्तु पठाइन्छ । यसरी धोका खाएर उजुरी गर्दा जवाफ नआउने, फोन नउठ्ने, फर्काइदिने प्रक्रिया झन्झटिलो बनाइने- यी सबै घटना सामान्य भइसकेका छन् । धेरैपटक त सप्लायर्सले उजुरी सुन्ने प्रयास पनि गर्दैनन् । यस्तो अवस्था देखेर बुझिन्छ कि बजारमा भौतिकरूपमा सामान किन्ने होस् वा इन्टरनेटमार्फत सेवा लिने होस्, उपभोक्ता नै सबैभन्दा जोखिममा पर्ने पक्ष बनेको छ । पारदर्शिता, विश्वसनीयता र गुणस्तरको ग्यारेन्टी नभएको प्रणालीले उपभोक्तालाई निराश र असुरक्षित बनाइरहेको छ ।

समग्रमा, गुणस्तरहीनता, प्रस्ट जानकारीको अभाव, गुनासोमा ध्यान नदिने व्यवहार र उपभोक्तालाई कमजोर मान्ने संस्कृतिले अहिलेको बजार प्रणालीलाई नै प्रश्नको घेरामा ल्याएको छ । अब उपभोक्ता चेतना, कडाइका साथ लागू हुने कानुन र जिम्मेवार व्यापारिक आचरणको आवश्यकता झनै बढेको छ । अनलाइन किनमेल पनि यसै किसिमले भरोसायोग्य छैन । डेलिभरीमा फरक सामान आउनु, डुप्लिकेट प्रोडक्ट दिनु र गुनासो गर्दा कुनै जवाफ नपाइनु, यी त झन् सामान्य भइसके । त्यसमाथि मूल्यवृद्धि र मनपरि मूल्य निर्धारण अझै ठूलो समस्या हो ।

त्यही सामान एक पसलमा रु. ३०० र अर्कोमा रु. ४५० । थाहा पाउन त सकिन्छ तर कहाँ उजुरी गर्ने र कसरी उपभोक्ताले न्याय पाउने भन्ने अझै अनिश्चित नै छ । खाद्य सामग्रीमा मिसावट- घिउमा तेल, महमा चिनीको सिरप, मसला र दूधमा के-के मिसाइने, यी समस्याले त जनस्वास्थ्यमै खेलबाड भइरहेको छ भन्ने देखाउँछ । उपभोक्ता अधिकार उल्लंघनको अर्को ठूलो कारण हो नियमन निकायको कमजोरी । छापा मारियो, फोटो खिचियो, ब्यानर झुन्ड्याइयो, समाचारमा आयो- त्यति भएपछि केस पनि हराउँछ, मुद्दा सुस्ताउँछ, र दोषीहरू फेरि पुरानै खेलमै फर्किन्छन् । उपभोक्ता अदालत छन् तर प्रक्रिया झन्झटिलो र समय खपत हुन्छ ।

सर्वसाधारणले समस्या परेपछि उजुरी गर्न सजिलो र छिटो काम गर्ने व्यवस्था नहुँदा उपभोक्ता अधिकार उल्लंघन झन् बढ्दो क्रममै छ । सरकारी निकाय, स्थानीय तह वा अनलाइन उजुरी प्रणालीहरू भए पनि धेरै उपभोक्तालाई त ती कहाँ छन्, कसरी प्रयोग गर्ने वा त्यसपछि प्रक्रिया कसरी अघि बढ्छ भन्ने नै थाहा हुँदैन । कहिलेकाहीं उजुरी गर्न खोज्दा लामो फारम, झन्झटिलो प्रक्रिया, ढिला-ढिला गर्ने कार्यालय संस्कृति र बारम्बार धाउनुपर्ने अवस्था आउँछ, जसले मानिसहरूलाई शुरुबाटै थकित बनाइदिन्छ । धेरैले 'कसरी उजुरी गर्ने ?' भन्दा पनि 'उजुरी गरेपछि के फाइदा हुन्छ ?' भन्दै छोडिदिन्छन् । यस्तो असहज र ढिलो प्रणालीका कारण उपभोक्ताले भोगेको समस्या छोटो समयमै समाधान नहुने मात्र होइन, उल्लंघन गर्ने व्यापारीहरू सजिलै बचेर फेरि त्यही व्यवहार दोहोऱ्याउन पनि प्रोत्साहित हुन्छन् । अर्कोतर्फ, उपभोक्ता आफैं कहिलेकाहीं अधिकारबारे पर्याप्त जानकारी राख्दैनन् । बजारका धेरै साधारण क्रियाकलाप- मूल्य सोध्नु, बिल माग्नु, उत्पादनको विवरण पढ्नु, यिनमा उपभोक्ताको पूर्ण हक भए पनि व्यवहारमा धेरैले यस्ता कुरा गर्न लजाउँछन् वा आवश्यक देख्दैनन् ।

क्रमश: पृष्ठ-३....




# साविक विजेता जनकपुरको बिर्सनलायक प्रदर्शन

काठमाडौं/पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा उपाधि जितेको जनकपुर बोल्ट्सले दोस्रो सिजनका लागि कोर टिमसहित महत्वपूर्ण खेलाडीलाई दोस्रो संस्करण पनि निरन्तरता दिएको थियो । गत संस्करण उपाधि जित्न महत्वपूर्ण भूमिका निभाएका अमेरिकन विकेटकपर ब्याटर लाहिरु मिलान्था बाहेक अन्य सबै विदेशी खेलाडीहरू नयाँ ल्याएको जनकपुरले दोस्रो संस्करण पनि राम्रो प्रदर्शन गर्ने धेरैको अनुमान थियो ।

विशेषगरी दक्षिण अफ्रिकाका दुई स्टार खेलाडीहरू वायन पार्नेल र इमरान ताहिरलाई पनि अनुबन्ध गरेको जनकपुरले ब्याटिङ मात्र नभएर बलिङ पनि अझ बलियो बनाएको आभाष दिलाएको थियो । तर मैदानमा भने बिल्कुल फरक नतिजा देखियो । कागजमा बलियो देखिएपनि मैदानको प्रदर्शन भने जनकपुरको फितलो रह्यो । यस संस्करणमा ७ मध्ये १ खेल मात्र जितेर प्लेअफको यात्रा तय गर्न सकेन । गत संस्करण उपाधि जितेको जनकपुर एकैपटक माथिबाट तल पुग्यो, पुछारमा ।

जनकपुरले टिम कम्बिनेसन देखि कप्तानसम्म परिवर्तन गरेपनि नतिजा भने शून्यप्राय नै रह्रुयो । अन्तत: लिग चरणमा सबैभन्दा पुछारमा रहेर प्रतियोगिता सकायो । जनकपुरले सुरुवाती ४ खेलमा हार बेहोरेपछि पाँचौं खेलमा आएर चितवन राइनोजमाथि जित निकाल्दै एउटा 'स्टेटमेन्ट' दिएको थियो । तर त्यो स्टेटमेन्ट त्यतिमै सीमित भयो, टिमलाई अगाडि पुर्‍याउन पर्याप्त भएन ।

आइतबार भएको कर्णाली याक्ससँगको अन्तिम खेलमा जितनजिक पुगेर पराजित भएसँगै जनकपुर ७ खेलमा २ अंक मात्र जोडेर आठौं स्थानमा फिनिस गर्ने अवस्था बनेको हो । टस जितेर पहिले कर्णालीलाई पहिले ब्याटिङको निम्तो दिएको जनकपुरले कसिलो बलिङ गर्दै कर्णालीलाई ठूलो योगफल भने बनाउन दिएन । पिच पनि स्पीन बलरलाई बढी नै सहयोगी हुने देखिँदा जनकपुरले पूरै २० ओभर स्पीनरलाई बलिङ गराएको थियो । अझ भनौं जनकपुरले आजको खेलमा पेस बलर नै खेलाएको थिएन । कर्णालीले २० ओभरमा ९ विकेट गुमाएर १२९ रन बनायो । जवाफमा कर्णालीले पनि १५ ओभरसम्म स्पीन बलरलाई नै बलिङ गराएको थियो । एक समय कर्णालीले जनकपुरको टप अर्डर ध्वस्त पार्दै ७ ओभरभित्रै ४ विकेट लिएको थियो ।



१० ओभरमा ४२-४ को अवस्थामा रहेको जनकपुरका लागि संगीथ कुरे र सन्जय कृष्णमुर्तीले ७५ रनको साझेदारी बनाउँदै कमब्याक गराएका थिए । १०४ रन हुँदा संगीथ कूरे आउट भए भने सन्जयले अर्धशतक बनाएर खेललाई अन्तिमसम्मै पुर्‍याए । टिमलाई अन्तिम ओभरमा १४ रन आवश्यक हुँदा उनी अन्तिम ओभरको पहिलो बलमा आउट भए । अन्त्यमा जनकपुर ३ रनले पराजित भयो । यसरी जनकपुरको अन्त्य पनि सुखद् हुन सकेन ।

जनकपुरका अफिसियल देखि प्रशिक्षक अनि कप्तानदेखि खेलाडीसम्मका लागि यो संस्करण बिर्सनलायक भयो । साविक विजेता भएकाले बिर्सन त्यति सजिलो भने हुने छैन ।

**धेरै परिवर्तन, थोरै प्रभाव**

जनकपुरले गत संस्करणकै कप्तान अनिल साहलाई कप्तानीमा निरन्तरता दिएको थियो । तर सुरुवाती ३ खेलमा लगातार पराजित भएपछि जनकपुरले कप्तान परिवर्तन गरेको थियो । त्यसमाथि अनिल त प्लेइङ ११ बाटै बाहिर राखिए । अनिलको स्थानमा वायन पार्नेललाई कप्तानको जिम्मेवारी दिइएको थियो, जो प्रतियोगितामा जनकपुरको तेस्रो खेलबाट मात्र उपलब्ध थिए । पार्नेलले कप्तानी गरेको खेलमा पनि जनकपुर पराजित भयो ।

जनकपुरले एनपीएलमै पहिलोपटक विदेशी कप्तान नियुक्त गरेको थियो । पार्नेलको अनुभवका कारण उनलाई कप्तानी दिएको टिमले नै बताएको थियो । पाँचौं खेलमा अनिल टोलीमा फर्किए तर ब्याटरका रूपमा मात्र । उक्त खेलमा अनिलले अर्धशतक नै बनाए, जकपुरले खेल पनि जित्यो । खेलपछि उनले कप्तानी दबाब नहुँदा ब्याटिङ राम्रो भएको प्रतिक्रिया दिएका थिए ।

'म ब्याटिङ गर्दा ब्याटरकै रूपमा खेल्न खोज्छु । कप्तान हुनुभन्दा अगाडि ब्याटर हूँ भनेर सोच्छु । रन बनिरहेको थिएन प्रेसर थियो पनि, ब्याटर खेल्न खोज्दा पनि हारको कुराहरू आउने रैछ दिमागमा' अनिलले पाँचौं खेल जितेपछि भनेका थिए, 'अहिले लागिरहेको छ, ब्रेकपछि प्रदर्शन भइरहेको जस्तो देखिएको छ । आजभन्दा सिरियस अरु खेलमा थिएँ, ब्रेकपछि त्यो चेन्ज भएजस्तो देखिन्छ ।'

**अनिल साह**

त्यसपछिका दुई खेलमा फेरि उनको ब्याट चलेन । कप्तान पनि फेरि परिवर्तन गरियो । वायन पार्नेल टोलीबाटै बाहिर हुँदा निकोल लफ्टी इटन कप्तान बने । नतिजा भने उही रह्यो, जनकपुरले खेल जित्न सकेन ।

सहायक प्रशिक्षक मनोज कटुवालले पनि अनिल कप्तानी दबाबमा रहेको बताएकाले कप्तान परिवर्तन गरेको बताए । 'अनिलले कप्तानी दबाब लिइरहेको थियो, ऊ आफैंले प्रेसर महसुस गरेर हामीलाई भन्यो अनि हामीले अनुभवका आधारमा पार्नेललाई कप्तानी दिएका थियौं' कटुवालले भने, 'कप्तानी उनलाई दिएको भएपनि बाहिरबाट सल्लाह दिने काम भने आसिफ, लफ्टी इटनहरूबाट पनि भएको थियो ।'

कप्तान मात्र नभएर जनकपुरले विभिन्न खेलमा फरक फरक कम्बिनेशन प्रयोग गरिरहेको थियो, जसले नतिजा भने दिन सकेको थिएन । सबैभन्दा धेरै ८ जना विदेशी खेलाडी घोषणा गरेको जनकपुरले इमरान ताहिरबाहेक नेपाल आएका ७ जना खेलाडीलाई नै मौका दियो ।

जनकपुरले गत संस्करणका उच्च रनकर्ता लाहिरु मिलान्थालाई तेस्रो खेलबाट बेन्चमा राखेपछि कुनै खेल पनि खेलाएन । प्रतियोगिताको सुरुवाती खेल खेलेका लाहिरु समार कून पनि त्यसपछि गुमनाम भए । प्रतियोगिताको बीचमा आएका संगीथ कूरे पनि टिममा आउने-जाने भइरहे । माज सदाकतले तेस्रो खेलदेखि अन्तिमसम्मै खेले । वायन पार्नेलले ३ खेल मात्र खेले । अमेरिकी सन्जय कृष्णमुर्ती र निकोल लफ्टी इटनले मात्र सबै खेल खेले ।

यस्तै राष्ट्रिय टोलीका मुख्य स्पीन बलर ललित राजवंशीलाई पनि चौथो, पाँचौं र छैटौं खेलमा बेन्चमा राखेको थियो । यसबाहेक रुपेश सिंह र किशोर महतो अनि घरेलु खेलाडीहरू विकाश आग्री, मयन यादव, सचिन भट्ट, आदित्य महतालाई पनि रोटेट गराइरहेको थियो ।

**कागजमा बलियो, मैदानमा फितलो**

जनकपुर बोल्ट्सको मुख्य समस्या यसपटक ब्याटिङमा देखिन्थ्यो । कागजमा हेर्दा बलियो देखिएपनि मैदानमा भने त्यस अनुरुपको प्रदर्शन हुनै सकेन । ब्याटिङमा पनि विशेषगरी टप अर्डर ब्याटिङ यो संस्करणमा चल्नै सकेन । पहिलो खेलमा आसिफ शेखले अर्धशतक बनाएका थिए । त्यसबाहेक उनका लागि पनि सिजन बिर्सनलायक रह्रुयो । उनले ७ खेलमा १०५ रन बनाए । ३ खेलमा उनी डकआउट नै भए ।

यस्तै अनिल साहले ७ खेलमा एक अर्धशतकसहित ७३ रन बनाए । एकै खेलमा ६१ रन बनाएका उनले अन्य ५ खेलमा १२ रन मात्र बनाए । २ खेलमा डकआउट नै भए । जनकपुरको ब्याटिङ विशेषत: तीन विदेशी खेलाडीले धाने । मिडल अर्डरमा खेल्ने सन्जय कृष्णमुर्तीले ७ खेलमा २ अर्धशतकसहित सबैभन्दा धेरै १६७ रन बनाए । यस्तै प्रतियोगिताको बीचमा आएका पाकिस्तानी खेलाडी माज सदाकतले ५ खेलमा १ अर्धशतक सहित ११३ रन बनाए । उनले टप अर्डरमा राम्रो सुरुवात दिलाउन खोजेपनि अन्यबाट सहयोग हुन सकेन ।

निकोल लफ्टी इटनले ७ खेलमा १०८ रन बनाउँदै सर्वाधिक रनकर्ताको तेस्रो स्थानमा रहे । जनकपुर विजयी भएको खेलमा बाहेक कुनैपनि खेलमा १४५ र नभन्दा बढी योगफल बनाउन सकेन । २ खेलमा १३० भन्दा कम योगफल अनि २ खेलमा १३० रन बनाउँदा एक खेलमा १३२ रन र एक खेलमा १४५ रन बनायो । प्रशिक्षक कटुवालले पनि अपेक्षा अनुसार खेलाडीबाट प्रदर्शन हुन नसकेको बताए । 'हामीलाई पहिलो सिजन जिताएका खेलाडीहरू चल्न सकेनन्, त्यही कारणले हाम्रो यो संस्करण राम्रो हुन सकेन' उनले भने ।

'हामी कागजमा हेर्दा बलियो नै थियौं, लोकल खेलाडीहरू चल्न सकेनन् । आसिफ र अनिलबाट पनि प्रदर्शन राम्रो हुन सकेन' उनले थपे, 'विदेशी खेलाडीबाट पनि जुन् आशा थियो त्यो हुन सकेन ।' जनकपुरको बलिङ औसत नै देखिँदा फिल्डिङमा पनि केही खेलहरूमा कमजोर देखिएको थियो । महत्वपूर्ण क्याचहरूदेखि मिसफिल्ड धेरै हुँदा मोमेन्टम प्राप्त गर्ने अवस्था पनि बनेन ।

# 'झरीपछिको इन्द्रेणी'को ट्रेलरमा के छ ?




काठमाडौं/हास्य कलाकार अर्जुन घिमिरे 'पाँडे'को डेब्यु निर्देशकीय फिल्म 'झरीपछिको इन्द्रेणी'को ट्रेलर सार्वजनिक गरिएको छ । आइतबार काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच फिल्मको २ मिनेट ५५ सकेण्ड लामो ट्रेलर सार्वजनिक गरिएको हो । ट्रेलरले कथावस्तुका बारेमा प्रकाश पारेको छ ।

भ्रष्टाचार र बेथितीविरुद्ध एक जेनजी युवाले काठमाडौंको माइतीघर मण्डलाबाट थालेको आन्दोलनको कथावस्तुमा फिल्म आधारित रहेको संकेत ट्रेलरले दिन्छ । विदेश गएर उच्च शिक्षा अध्ययन गर्ने युवाको सपना पूर नहुँदा उसले कसरी भ्रष्टाचार र बेथितीविरुद्ध आन्दोलन गर्छ भन्ने कथा यसमा देखाइएको छ ।

नागराज इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको यो फिल्मबाट अभिनेता गणेश उप्रेती करिब ९ वर्षपछि कमब्याक गरेका छन् । फिल्ममा गणेशसहित रमेश उप्रेती, प्रकाश घिमिरे, दीपाश्री निरौला, सरिता गिरी, देशभक्त खनाल, निर्मल शर्मा, कृष्ण शिवाकोटी, कृष्णभक्त महर्जन, अर्जुन घिमिरे, प्रियना आचार्य, अंशु महर्जन, राजेन्द्र नेपाली, लक्षणा राई लगायतको अभिनय छ ।

आगामी पौष ४ गते प्रदर्शनमा आउन लागेको यो फिल्मबाट कलाकार विमोचन दवाडी र जेसिका पोखरेलले डेब्यू गरेका छन् भने बाल कलाकारमा दिप्सन चिलवाल छन् । निर्देशक घिमिरे स्वयंको कथा रहेको फिल्मको पटकथा र संवाद गणेश कार्की र विशाल घिमिरेले मिलेर लेखेका हुन् । फिल्मका छायांकार बुद्ध थापा हुन् ।

# पीआरका सुरज: फिल्मको कथा मेरै जीवन जस्तो




काठमाडौं/अष्ट्रेलियामा अध्ययन र मोडलिङ गर्दै आएका सुरज पौडेलले फिल्म 'पीआर' मार्फत नेपाली चलचित्र क्षेत्रमा डेब्यु गर्दैछन् । आउँदो शुक्रबारबाट देशभर प्रदर्शनमा आउन लागेको यो फिल्मको ९९ प्रतिशत कथा आफ्नो जीवनसँग मिल्ने उनले बताए ।

फिल्मको प्रमोसनका लागि हाल नेपाल आइपुगेका पौडेलले निर्देशक शोभित बस्नेतकी छोरी सलिनामार्फत फिल्ममा जोडिएको खुलाए । 'अष्ट्रेलियामा शोभित बस्नेत सरले यस फिल्मका लागि अडिसन लिइरहनुभएको थियो । उहाँकी छोरी सलिना बस्नेतले मलाई म्यासेज गरेर अडिसन भइरहेको बताइन् र सहभागी हुन सुझाव दिइन् । अभिनय गर्ने मन त पहिलेदेखि नै थियो, त्यसैले अडिसन दिएँ र चयन भएँ,' उनले भने ।

सरोजका अनुसार सलिनासँग उनको भेट सन् २०१९ मा 'ग्लामर नेपाल' मोडलिङ शोको दौरान भएको हो । त्यहींबाट उनीहरू राम्रो साथी बनेका हुन् । 'सलिनाबाट अडिसनबारे थाहा पाएपछि मैले शोभित सरलाई म्यासेज गरी अडिसनको स्थान र समयबारे सोधेँ । उहाँले बोलाउनुभयो ।

वान-लाइन अडिसनपछि उहाँले 'के छ त तिम्रो बिचार?' भनेर सोध्नु भयो । अष्ट्रेलियामा समय व्यवस्थापनको कुरा मनमा थियो, तर उहाँले 'अतालिनु पर्दैन, स्क्रिप्ट पढ अनि निर्णय गर' भन्नुभयो । उहाँको सुझावले धेरै आत्मविश्वास दिलायो,' उनले भने ।

फिल्मका लागि उनले एकरातमै स्क्रिप्ट पढिसकेछन् । 'पढेपछि कास्टमा जोडिनुपर्ने नै लाग्यो । कथाको ९९ प्रतिशत भाग मेरो आफ्नै जीवनजस्तै रहेछ– अष्ट्रेलियामा सुरुका दिनमा युवाले भोग्ने चुनौतीहरू नै कथामा भेटेँ' उनी खुले, 'स्क्रिप्टमा समाजमा सन्देश दिने गहिरो कन्टेन्ट छ । अष्ट्रेलियामा अध्ययनरत नेपाली विद्यार्थीको वास्तविकता कथामा छर्लङ्ग देखिन्छ । यो विषय बोलिनै पर्ने लागेर फिल्ममा जोडिने निर्णय गरेँ ।'

शोभित बस्नेतजसँग काम गर्दा धेरै सहज भएको सरोजको भनाई छ । 'उहाँले फिल्म क्षेत्रमा कमाएको अनुभवका आधारमा हामीलाई सहज वातावरण दिनुभयो । अरु कसैसँग भएको भए यति सहज हुने जस्तो लाग्दैन', सरोजले भने, 'डेढ महिनाजति वर्कसप गरेर मात्रै फ्लोरमा गएका हौं । वर्कसपले क्यारेक्टरमा बस्न, संवाद बुझेको अनुसार प्रस्तुत गर्न र आत्मविश्वास बढाउन धेरै मद्दत गर्‍यो ।'

निर्देशक शोभितले सबै कलाकारको समय हेरेर सुटिङ तालिका मिलाइदिएकाले सुटिङ गर्न धेरै सहज भएको उनको दाबी थियो । 'अष्ट्रेलियामा भए पनि काम आयो भने नेपाल आउन मलाई समस्या हुँदैन । 'पीआर' का हुँदा म नेपाल आएर काम गरेर फर्किएको हुँ । 'पीआर' पछि पनि दर्शकले मलाई अन्य फिल्महरूमा देख्न पाउनुहुनेछ' उनले भने ।

# लगानी बोर्ड पुनर्संरचना गरिँदै, कसरी हुँदैछ परिवर्तन ?

काठमाडौं/जेनजी आन्दोलन सँगै लगानी बोर्ड पुनर्संरचनो प्रक्रिया अगाडि बढेको छ । लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुशील ज्ञवालीका अनुसार पर्ख र हेरको अवस्थामा रहेका लगानीकर्ताको आत्मविश्वास वृद्धि गर्ने गरी बोर्ड पुनर्संरचना तयारी गरिएको हो ।

जेनजी आन्दोलन लगत्तै अर्थमन्त्री रामेश्वर खनालले लगानी बोर्ड, नेपाल राष्ट्र बैंकका पदाधिकारी सहित निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका प्रतिनिधि र आन्दोलनमा क्षति भोगेका निजी क्षेत्रका प्रतिनिधिसँग छलफल गरेका थिए । सोही छलफलमा उठेका चासो र चिन्ता सम्बोधन गर्ने गरी बोर्ड पुनर्संरचना प्रक्रिया अगाडि बढाइएको सीईओ ज्ञवालीले जानकारी दिए ।

नेपाल आर्थिक पत्रकार संघ (नाफिज) ले आइतबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा सीईओ ज्ञवालीले भने, 'नेपालमा निजी क्षेत्रले कानुनी र नीतिगत विषय र संस्थागत, प्रक्रियागत विषयमा कुरा उठेको छ, त्यसलाई सम्बोधन गर्न धेरै सुधारका काम अगाडि बढाइएको छ ।' उनका अनुसार संस्थागत संरचनाका सन्दर्भमा निजी क्षेत्र र सरकार सँगै रहने वातावरण भएन भन्ने निजी क्षेत्रको गुनासो थियो । लगानी बोर्डमा प्रतिनिधित्व हुने सन्दर्भमा विज्ञ राख्ने व्यवस्था अहिले छ ।

बोर्डको कार्यकारी बोर्डमा अब विज्ञलाई सदस्यका रूपमा लिएर जाने र निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका प्रमुखलाई संस्थागत ढंगले प्रतिनिधित्व गराइने उनले जानकारी दिए । यसबाट ऐन, कानुन परिमार्जन सहित विषयमा सहज हुने बोर्डको अपेक्षा छ । यस्तो प्रतिनिधित्वका लागि तत्कालै ऐन संशोधन सम्भव नहुँदा आगन्तुक सदस्यका रूपमा बोलाउने गरी निर्णय गरिने उनले जानकारी दिए ।

**लगानी बोर्डमा विपक्षी दललाई समेत सहभागी गराइने**

सीईओ ज्ञवालीका अनुसार राजनीतिक परिवर्तनपछि लगानीका मोडेलमा परिवर्तन हुने र आयोजना प्रभावित हुने अवस्था रोक्न अब बोर्डमा विपक्षी दलहरूको समेत सहभागिता सुनिश्चित गरिने भएको छ । 'एउटा आयोजनामा एउटा राजनीतिक दल हुँदा एउटा भन्ने र अर्को आउँदा अर्को हुने अवस्था छ, यसले स्थायित्व भएन भन्ने गुनासो छ,' उनले भने, 'बोर्डले नीतिगत स्थिरताका लागि अब ठोस निर्णय गर्छ ।'

उनका अनुसार विगतमा पुनर्निर्माण प्राधिकरणमा रहेको सल्लाहकार परिषद् जस्तै अभ्यास लगानी बोर्डमा गरिँदैछ । उनका अनुसार लगानी बोर्डले नीतिगत स्थिरताका लागि प्रधानमन्त्रीको अध्यक्षतामा यस्तो संरचनाको परिकल्पना गरेको छ । जसमा विपक्षी दलको नेता उपाध्यक्ष रहने गरी संसद्मा प्रतिनिधित्व गर्ने दल र निजी क्षेत्रका प्रतिनिधि सदस्य रहनेछन् ।

यस्तो संयन्त्र बनाउने विषय समेत छिट्टै निष्कर्षमा पुग्ने उनले जानकारी दिए । 'यसबाट राजनीतिक परितवर्तन हुँदा पनि लगानीको वातावरण स्थिर हुने, पारदर्शिता समेत बढाउने र लगानीकर्ताको आत्मनिर्भरता पनि बढाउने छ,' उनले भने ।

**कानुन परिवर्तनले परियोजना सम्झौतामा असर नगर्ने**

उता, लगानीकर्ता र सरकारबीच भएको सम्झौतालाई कानुन परिवर्तनले समेत असर नगर्ने गरी सुनिश्चित गर्न लागिएको सीईओ ज्ञवालीले जानकारी दिए । उनका अनुसार लगानीकर्तासँग जुन सर्तमा आयोजना कार्यान्वयन सम्झौता हुन्छ, कानुन परिवर्तन भएको अवस्थामा पनि त्यसले आयोजनालाई असर नगर्ने निश्चितता दिने कुराको थालनी गरिने भएको छ ।

'कानुन परिवर्तन हुन सक्छ, तर त्यसका कारणले क्षति भए त्यसको क्षतिपूर्ति आयोजनालाई दिने खालको निर्णय समेत गरिँदैछ,' उनले भने । उनका अनुसार परियोजना विकास सम्झौता मन्त्रिपरिषद्बाट स्वीकृत गराएर जाने तयारी समेत छ । निजी क्षेत्रले संस्थागत सुधारका लागि ठूलो माग 'वान स्टप सर्भिस सेन्टर' लाई बनाइरहेको छ । यसलाई वास्तविकतामा कार्यान्वयनमा ल्याउने गरी काम भइरहेको समेत उनले जानकारी दिए ।

*(स्रोत: अनलाइनखबर)*

# उपभोक्ता अधिकार उल्लंघन....

एउटा सानो सामान किन्दा 'के बिल चाहिन्छ र ?' भन्ने सोच, कतिपय युवाले 'अलि धेरै सोध्नु तनाव हो' भन्ने मानसिकता, अनि गाउँघरदेखि शहरसम्म फैलिएको 'चुप बस्दा सजिलो हुन्छ' भन्ने बानीले उपभोक्ता अधिकार कमजोर बनेको छ । अनलाइनमा भने स्थिति झन् विपरीत छ, धेरैले गलत सामान आए पनि 'फर्काउन झन्झट छ', 'मानिसले के भन्लान्', 'केही ज्यान जाने कुरा त हैन' भनेर रिपोर्टसमेत गर्दैनन् । यसरी उजुरी नदिँदा व्यापारी वा सेवाप्रदायकले आफैंलाई सुरक्षित महसुस गर्छन् र दण्ड-जरिवानाबाट टाढा रहँदा उनीहरूमा मनपरि गर्ने हिम्मत अझ बढ्छ ।

समग्रमा, उजुरी प्रणाली प्रभावहीन हुनु र उपभोक्ता स्वयं अनजान वा निष्क्रिय रहनु, यी दुई कारणले बजारमा कमजोर वर्ग उपभोक्ता नै बन्न पुग्छ । जबसम्म उजुरी सजिलो, छिटो, पारदर्शी र प्रभावकारी हुँदैन र उपभोक्ता जागरूक भएर आफ्नो हक प्रयोग गर्न ढुक्क हुँदैनन्, तबसम्म उपभोक्ता अधिकार उल्लंघन निरन्तर बढिरहनेछ ।

अब आवश्यक के छ भने, सबैभन्दा पहिले उपभोक्तामा जागरूकता हुनुपर्छ । मानिसहरूले किनमेल गर्दा के-कस्तो विवरण पढ्नुपर्छ, कसरी गुणस्तर छुट्याउने, कहाँ-कसरी उजुरी गर्ने, यी आधारभूत कुरा थाहा नहुँदा व्यापारीहरूले मनपरि गर्ने अवसर पाउँछन् । त्यसैले उपभोक्ता स्वयं सचेत बन्नु आजको पहिलो आवश्यकता हो । त्यसपछि, कानुन कति राम्रो बनेको छ भन्ने भन्दा पनि त्यो कानुन व्यवहारमा कत्तिको कडाइका साथ लागू हुँदै छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । अहिले धेरै कानुनी व्यवस्था कागजमै सीमित छन् तर नियमन गर्ने निकायले नियमित अनुगमन, छानबिन र कारबाहीमा कठोरता अपनाए उपभोक्ताले ठूलो राहत पाउने थिए । त्यस्तै, बजार व्यवस्थापन पनि पारदर्शी हुनुपर्छ- मूल्य, गुणस्तर, उत्पादन मिति, उपभोग म्यादजस्ता आधारभूत सूचना खुलेर उपलब्ध हुनुपर्छ, ताकि उपभोक्ताले स्पष्टरूपमा तुलना गरेर निर्णय गर्न सकून् । व्यापारीहरूले छुट, बोनस, उपहार वा 'विशेष अफर'का नाममा उपभोक्तालाई झुक्याउने चलन अन्त्य गर्न, सम्बन्धित निकायले यस्ता अफरहरूको सत्यता प्रमाणित गर्ने र निगरानी गर्ने प्रणाली बलियो बनाउनुपर्छ । मूल्य निर्धारणमा मनपरि रोकिनुपर्छ र गुणस्तर परीक्षण व्यवस्थितरूपमा हुने वातावरण बन्नुपर्छ । उपभोक्ता अधिकार उल्लंघन वास्तवमै कुनै एक व्यक्तिको समस्या होइन, यो हाम्रो दैनिक जीवनसँग गहिरोरूपमा जोडिएको विषय हो । बजारदेखि अनलाइन किनमेलसम्म, उपभोक्ताले भोग्ने अन्याय, धोका र अस्पष्टताले देखाउँछ कि समस्या प्रणालीगत छ- व्यापारीको मनपरि, नियमनको कमजोरी र उपभोक्ताको आफ्नै अनभिज्ञता सबै मिलेर बनेको । जबसम्म उपभोक्ता आफैं जागरूक हुँदैनन्, आफ्नो हकको रक्षा गर्न प्रयास गर्दैनन् र बजारमा पारदर्शिता, गुणस्तर र मूल्यको स्पष्टता सुनिश्चित हुँदैन, तबसम्म यस्तो समस्या निरन्तर दोहोरिँदै रहनेछ । अन्तत: उपभोक्ताको सतर्कता र जिम्मेवार व्यवहारले मात्र बजारमा विश्वास, सुरक्षा र न्याय स्थापित गर्न सक्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# भारतमा 'ऊनको स्वीटर'को धमाका

काठमाडौं/घरेलु बक्स अफिसमा ऐतिहासिक सफलता हासिल गरेको नेपाली फिल्म 'ऊनको स्वीटर' ले अहिले भारतमा पनि धमाका मच्चाएको छ । नेपालमा ५१ दिनसम्म ४० भन्दा बढी सिनेमा हलहरूमा लगातार प्रदर्शन भई करिब १२ करोड रुपैयाँको उल्लेखनीय आम्दानी गरेको यो फिल्म अहिले भारतीय दर्शकहरूको मागअनुसार प्रमुख सहरहरूमा सफलतापूर्वक प्रदर्शन भइरहेको छ र दर्जनौं नयाँ स्थानमा रिलिज हुने तयारीमा छ ।

निर्माण कम्पनी आर्टमान्डू नेपाल प्रा.लि. ले एक प्रेस विज्ञप्ति जारी गर्दै पूर्वोत्तर भारतमा बलियो प्रदर्शन गरेपछि फिल्मले अब दक्षिण भारत सम्म आफ्नो पहुँच विस्तार गरेको जानकारी दिएको छ ।

नवीन चौहानको निर्देशनमा तयार भएको तथा विपिन कार्की, मिरूना मगर, एलेक्स पारस, परीक्षा लिम्बु, सुनिल पोखरेल लगायतका कलाकारहरूको अभिनय रहेको यो फिल्मले दुई हप्ताअघि सिक्किमको राजधानी गान्तोकमा प्रिमियर शोसँगै भारत यात्रा सुरु गरेको थियो । प्रारम्भिक दुई शो नै हाउसफुल भएपछि गान्तोकमा शोको संख्या बढाएर ६ पुर्‍याइएको थियो । यस प्रारम्भिक उत्साहजनक प्रतिक्रियाले दार्जिलिङ, कर्स्याङ, कालिम्पोङ, नाम्ची, कोलकाता र सिलिगुडीका हलहरूमा समेत दर्शकको ओइरो लागेको र ती हलहरूले अझै पनि शोहरू निरन्तरता दिइरहेको निर्माण पक्षले जनाएको छ । पूर्वोत्तरको सफलतालाई निरन्तरता दिँदै 'ऊनको स्वीटर' अब असमको गुवाहाटी, पश्चिम बंगालको कोलकाता, उत्तराखण्डको देहरादूनसमेत पुगेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बागमती गाउँपालिकामा राष्ट्रपति रनिङ शिल्ड पुसमा

साझाकुरा संवाददाता

हेटौँडा, २१ मंसिर/ मकवानपुरको बागमती गाउँपालिकाको आयोजनामा स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता पुस महिनामा हुने भएको छ ।

गाउँपालिकाको वार्षिक क्यालेण्डरअनुसार आठौँ संस्करणको प्रतियोगिता अगामी पुस महिनामा हुन लागेको बागमती गाउँपालिका शिक्षा शाखाका प्रमोद राईले जानकारी दिए ।

प्रतियोगिता पुस ११, १२ र १३ गते हुनेछ । छात्र र छात्राको भलिबल, फुटबल, कबड्डी, दौड, हाइजम्प, लङजम्प, कराँते, तेक्वान्दो र उसु छुट्टाछुट्टै खेलाइनेछ । यो वर्ष फुटबल र उसुलाई राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पहिलोपटक समावेश गरिएको शिक्षाशाखा प्रतिनिधि राईले बताए । बागमती गाउँपालिकाले शुक्रबार सूचना जारी गरी गाउँपालिकाभित्रका विद्यालयलाई सहभागी हुन आह्वान गरेको छ ।



प्रतियोगितामा कक्षा ६ देखि १२ सम्म नियमित अध्ययनरत् १८ वर्षभन्दा मुनिका विद्यार्थीले सहभागी हुन पाउनेछन् । भलिबल र कबड्डीको प्रत्येक टिममा बढीमा ९/९ जना र फुटबलमा १८/१८ जना खेलाडी राख्न पाइनेछ । एथ्लेटिक्सतर्फ एक इभेन्टमा २ जनासम्म खेलाडी सहभागी हुन पाउनेछन् । टिम खेलमा एउटा खेलाडी एक खेलमा मात्रै सहभागी हुन पाउनेछन् । भलिबल र कबड्डीमा अलग खेलाडीको टिम हुनुपर्नेछ । टिम खेलमा एउटा विद्यालयबाट एक टिममात्रै सहभागी हुन पाउनेछ । खेलाडीको बसोबास, यातायात लगायत अन्य खर्च सहभागी विद्यालय स्वयम्ले व्यर्होनु पर्नेछ । सहभागी खेलाडीले अनिवार्यरुपमा ड्रेसमा खेल खेल्नु पर्ने बताइएको छ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका (पाचौँ संशोधन) को दफा २ (घ) बमोजिमका खेलाडी तथा अन्तर्राष्ट्रियस्तरका प्रतियोगिता खेलिसकेका खेलाडी प्रतियोगितामा सहभागी हुन पाउने छैनन् ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले नगदसहित शिल्ड, पदक र प्रमाणपत्र प्राप्त गर्नेछन् । यसैगरी उत्कृष्ट खेलाडीले ट्रफी र पदक प्राप्त गर्नेछन् । पदक प्राप्त खेलाडी तथा टिमले जिल्लास्तरीय प्रतियोगितामा सहभागी हुन पाउनेछन् । प्रतियोगिताको विजेता टोलीले जिल्लास्तरीय प्रतियोगितामा अनिवार्य भाग लिनुपर्नेछ । प्रतियोगिता बागमती-४, झुरझुरेस्थित सहिदस्मृति रंगशालामा हुनेछ ।

# किशोरकिशोरी डिजिटल पार्क सञ्चालन गर्दै स्वास्थ्य मन्त्रालय




साझाकुरा संवाददाता

हेटौँडा, २१ मंसिर/ किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी सुरक्षित व्यवहार प्रबर्द्धन गर्ने उद्देश्यले बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले यस वर्षदेखि नमूनाका रुपमा 'किशोरकिशोरी डिजिटल पार्क' सञ्चालन गर्ने भएको छ ।

स्वास्थ्य मन्त्री किरण थापामगरले यसबारे जानकारी दिँदै किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्यलाई सुरक्षित गर्ने मूल उद्देश्यले पार्क सञ्चालन गर्न लागिएको जानकारी दिए ।

किशोरकिशारीमा असुरक्षित यौन सम्बन्ध, असुरक्षित गर्भपतन, यौन रोगको प्रकोप बढ्दै गएको अबस्थामा सुरक्षित यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी शिक्षा आजको आवश्यकता महशुस गर्दै डिजिटल पार्कको अवधारणा ल्याइएको हो । उनले यसै वर्षदेखि नै स्थानीय पालिकासँगको समन्वय र साझेदारीमा कार्यान्वयनमा ल्याउने बताए ।

मन्त्री थापाले भने, "किशारकिशोरीमा यौनिकता र शरीरको विकासका क्रममा देखिने परिवर्तन, रजस्वला र स्वच्छता, बालविवाह, जवर्जस्तीकरणी र सुरक्षित प्रजनन स्वास्थ्य, धूम्रपान तथा मद्यपानका असरहरू, यौन दुर्व्यबहार, सचेतनाका बारेमा विशेषज्ञ विचार, तथ्य र समाधानसम्बन्धी पडकास्टहरूको निर्माण गर्ने, डिजिटल बोर्डमार्फत् किशोर किशोरी जमघट हुने पार्कमा त्यसलाई राखिनेछ ।"

बागमती प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा. सुमित्रा गौतमले किशोरकिशोरीको शारीरिक र मानसिक विकासमा र उचित परामर्श एवम् सन्देश प्रवाह गर्ने गरी देशभरमै पहिलोपटक मन्त्रालयले यो कार्यक्रम ल्याएको जानकारी दिइन् ।

वागमती प्रदेश स्वास्थ्य निर्देशनालयको महातहतमा सञ्चालनमा आउने यस कार्यक्रमका लागि मन्त्रालयले २५ लाख रुपियाँ बजेट विनियोजन गरको छ । कार्यक्रम सम्बन्धित पालिकाको साझेदारी र समन्वयमा कार्यान्वयन हुने निर्देशनालयका निर्देशक डा. नरेन्द्र झाले जानकारी दिए ।

# 'ह्याङ तामाङ' को हेटौँडामा विशेष प्रदर्शन

साझाकुरा संवाददाता

हेटौँडा, २१ मंसिर/ तामाङ समुदायको मौलिक कला, संस्कृति र जीवनशैलीलाई आधार बनाएर निर्माण गरिएको चलचित्र 'ह्याङ तामाङ' को हेटौँडामा विशेष प्रदर्शन गरिएको छ ।

हेटौँडाको ओम्याक्स हलमा विशेष प्रिमियरसहित चलचित्र प्रदर्शनमा आएको हो । प्रदर्शनमा दर्शकहरूको राम्रो उपस्थिति थियो ।

चलचित्रका नायक सीताराम गोलेका अनुसार 'ह्याङ तामाङ'ले तामाङ समाजको रीतिरिवाज, भाषा, कला, संस्कृति तथा पछिल्ला वर्षमा समुदायले भोग्दै आएको सामाजिक तथा राजनीतिक यथार्थलाई गहिरोसँग प्रस्तुत गरेको छ ।

उनले चलचित्रले तामाङ समुदायको आत्मा, पहिचान र भावनालाई प्रभावकारी ढंगले दर्शक समक्ष पुऱ्याउने विश्वास व्यक्त गरे । निर्माण टोलिका अनुसार चलचित्रको छायांकन काठमाडौँ, मनाङलगायत विभिन्न भौगोलिक तथा सांस्कृतिक स्थानहरूमा गरिएको हो । चलचित्रमा अभि लामा, अनिता गोले, जय स्याङ्तान, निर्मला मोक्तानलगायत कलाकार हरूको सशक्त अभिनय समावेश छ । चलचित्रले सांस्कृतिक पक्षसँगै मनोरञ्जन र सामाजिक राजनीतिक सन्देशलाई प्राथमिकता दिएको बताइन्छ । चलचित्रको निर्देशन निमा लामाले गर्नुभएको हो ।

चलचित्र हेटौँडामा प्रदर्शन सुरु भएसँगै निर्माण पक्षले चलचित्रलाई बागमती प्रदेशका अन्य जिल्लाहरूमा पनि क्रमिकरूपमा प्रदर्शन गर्ने तयारी गरेको छ । तामाङ कला, संस्कृति र मौलिक कथामा रुचि राख्ने दर्शकका लागि 'ह्याङ तामाङ' एक महत्वपूर्ण र प्रभावशाली सिनेम्याटिक अनुभव बन्ने अपेक्षा निर्माण टोलिको रहेको छ ।

# स्क्र्याम्बल च्याम्पियसिपमा अर्नब प्रथम




साझाकुरा संवाददाता

हेटौँडा, २१ मंसिर/ ११ औं राष्ट्रिय स्क्र्याम्बल च्याम्पियसिपमा लिटिल फ्लावर स्कुल चितवनका अर्नब पाण्डे प्रथम भएका छन् ।

प्रतियोगितामा सहभागी ८९ जनालाई पछाडि पारेर प्रथम भएसँगै अर्नबले १५ हजार नगदसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् ।

यसअघि भएका चारवटा प्रतियोगितामा जस्तै पाँचौ पटक पनि पाण्डे नै प्रथम भएको आयोजक नेपाल स्क्र्याम्बल क्लबले जनाएको छ । हेटौँडा-२ स्थित बालजागृति इङ्लिस माध्यमिक विद्यालयमा भएको प्रतियोगितामा नवलपरासीको सुनवल युनाइटेड स्कुलकी बिनिता बर्मा द्वितीय र नवलपरासीकै विश्वज्योति सेकेण्डरी स्कूलका कृष्ण बास्तोला तृतीय भएका छन् । बर्मा र बास्तोलाले क्रमश: १३ हजार र ११ हजार रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् ।

प्रतियोगितामा बाराको सिमरा शुभारम्भ स्कूलका पर्वत केसीले चौथो हुँदै ९ हजार, सिमरा पब्लिक स्कूल बाराका प्रिन्स यादवले पाँचौ हुँदै ७ हजार रुपैयाँसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा शीर्ष २५ जनालाई नगदसहित पुरस्कृत गरिएको छ । कार्यक्रममा छैंटौं स्थान हासिल गर्नेलाई ५ हजार, सातौंदेखि दशौं स्थान प्राप्त गर्नेलाई जनही ३ हजार रुपैयाँ र एघारौंदेखि पच्चीसौं स्थान प्राप्त गर्नेलाई जनही २ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रतियोगितामा सहभागी ९० जनामध्ये मकवानपुरबाट ९ जना सहभागी भएको आयोजकले जनाएको छ । बंशगोपाल मावि, जनप्रिय मावि, सुनगाभा अंग्रेजी मावि, युनाइटेड अंग्रेजी माविबाट १-१ जना र बालजागृति माविबाट ५ जना प्रतियोगितामा सहभागी भएको आयोजकले जनाएको छ । प्रतियोगितामा उत्कृष्ट २५ जनाले अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुन पाउने भएकाले विजयी सहित २५ जनालाई पुरस्कार रकमको व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

बालजागृति मावि सञ्चालक समितिका अध्यक्ष दिनेशप्रसाद भण्डारीको सभाध्यक्षतामा भएको समापन कार्यक्रममा नेपाल स्क्र्याम्बल क्लबका अध्यक्ष केशवप्रसाद पराजुली, क्लबका मकवानपुर जिल्ला संयोजक विवश थापालगायतको उपस्थिति थियो ।

# सिर्जनशिल समाज सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौँडा, २१ मंसिर/ मकवानपुरगढी-४ कालीखोलामा रहेको सिर्जनशिल समाज बचत तथा ऋण सहकारी संस्थाको १९ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।




साधारणसभामा संस्थाका अध्यक्ष कृष्ण बिडारीले संस्थागत प्रतिवेदन, कोषाध्यक्ष चुडाबहादुर बञ्जाराले आर्थिक प्रतिवेदन लेखा संयोजक अर्जुनप्रसाद सापकोटाले लेखा समितिको प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा बाल बचतकर्ता समृद्धि पुडासैनी, अधिक बचतकर्ता पदमबहादुर योञ्जन, अधिक मासिक बचतकर्ता हरिप्रसाद चौलागाई र असली ऋणी नारायणप्रसाद ढुङ्गानालाई पुरस्कृत गरिएको थियो ।

यसैगरी, उद्यमशिल ऋणी रघुनाथ चौलागाई र राजेन्द्र श्रेष्ठ, ज्येष्ठ शेयर सदस्य जगनिधि बजगाई, एसईईमा उत्कृष्ट अंक हासिल गर्ने बर्षात् न्यौपाने र सहकारी अभियन्ता देवनारायण लामिछाने समेतलाई पुरस्कृत गरिएको थियो ।

साधारणसभामा मकवानपुर गढी-४ कि वडा सदस्य सुमित्रा लामिछाने, संस्थापक अध्यक्ष हरि शरण पुडासैनी, सहिद रुद्र स्मृति सामुदायिक स्वास्थ्य ईकाई गढी ४ का प्रमुख लक्ष्मण दाहाल, प्रतिभा युवा क्लबका अध्यक्ष हेमबहादुर योञ्जन, सल्लाहकार विदुरप्रसाद लामिछाने, राजकुमार चौलागाई, खिलप्रसाद चौलागाई, विष्णुप्रसाद न्यौपाने, उपाध्यक्ष लक्ष्मण भट्टराई, सचिव सर्कलाल लो, शेयर सदस्य, सञ्चारकर्मी लगायतको सहभागिता थियो ।

संस्थाको आर्थिक वर्ष ८१/०८२ सम्मको शेयर पूँजी ५३ लाख ४० हजार जगेडा कोष ६२ लाख ३० हजार अन्य कोष ११ लाख ७५ हजार रहेको छ । संस्थाको निक्षेप ५ करोड ५४ लाख ऋण लगानी ५ करोड ४७ लाख र शेयर सदस्य नौसय ४७ जना रहेको ब्यवस्थापक बिमला न्यौपानेले बताइन । अधिकांश जनजाती शेयर सदस्य रहेको यो सहकारीको साधारण सभामा उल्लेख्य सहभागिता रहेको थियो । साधारणसभा संस्था अध्यक्ष कृष्ण बिडारीको सभाध्यक्षतामा सम्पन्न भएको हो ।

# पोखरा विमानस्थल निर्माणमा ८ अर्बभन्दा धेरै भ्रष्टाचार

## ५ पूर्वमन्त्रीसहित ५५ जनाविरुद्ध मुद्दा दर्ता




साझाकुरा संवाददाता

हेटौँडा, २१ मंसिर/ अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पोखरा विमानस्थल निर्माणमा भ्रष्टाचार गरेको आरोपमा पाँच पूर्वमन्त्रीसहित ५५ जनाविरुद्ध मुद्दा दर्ता गरेको छ ।

यस्तै, एउटा चिनियाँ कम्पनीविरुद्ध पनि मुद्दा दर्ता भएको छ । अख्तियारले आइतबार विशेष अदालतमा दायर गरेको मुद्दामा आठ अर्ब ३६ करोड ७३ लाख ५५ हजार रुपैयाँ बिगो कायम गरेको छ । अखितायरले गरेको अनुसन्धानमा अनियमितता ठहर भएअनुसार बिगो कायम गरी मुद्दा दायर गरेको आयोगका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिए ।

भ्रष्टाचार मुद्दा लाग्नेहरूमा पूर्वमन्त्रीहरू पोष्टबहादुर बोगटी, डा. रामशरण महत, भीम आचार्य, रामकुमार श्रेष्ठ र दीपक अमात्य छन् । पूर्वमन्त्री बोगटीको निधन भइसकेकाले उनकी श्रीमती राम मायालाई बिगो जफत प्रयोजनका लागि प्रतिवादी बनाइएको छ । अर्का पूर्वमन्त्री डा. महत अल्जाइमर्स रोग लागेर विस्मृतिमा पुगेका छन् । मुद्दा लागेका मन्त्रीमध्ये डा. महत पूर्वअर्थमन्त्री हुन् भने बाँकी पूर्व पर्यटन तथा नागरिक उड्डयन मन्त्री हुन् ।

यस्तै, भक्तपुर नलिञ्चोक हेलिपोर्टको भ्रष्टाचार मुद्दामा अहिले हिरासतमा रहेका नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी पोखरा विमानस्थलको भ्रष्टाचार मुद्दामा पनि मुछिएका छन् । त्यस्तै, समावेशी आयोगका पूर्वअध्यक्ष रामकृष्ण तिमिल्सिनालाई पनि पोखरा विमानस्थल निर्माणको भ्रष्टाचार मुद्दा लागेको छ ।

पोखरा विमानस्थल चीनको ऋण सहयोगमा बनाइएको राष्ट्रिय गौरवको आयोजना हो । २०६५ सालदेखि अध्ययन सुरू गरेर २०७९ सालमा निर्माण सम्पन्न भएको यो विमानस्थल घोटाला प्रकरणमा प्रतिनिधिसभाको सार्वजनिक लेखा समिति अन्तर्गतको उपसमितिले समेत २०८२ सालको वैशाखमा कैफियत देखाउँदै अख्तियारलाई अनुसन्धान गर्न निर्देशन दिएको थियो । उपसमितिले विमानस्थल निर्माणमा झन्डै १० अर्ब रुपैयाँ भ्रष्टाचार भएको दाबी सहित प्रतिवेदन समितिलाई बुझाएको थियो । समितिले थप अनुसन्धानका लागि अख्तियारलाई पठाएको हो ।

# नेल्टाको बागमती प्रदेश सम्मेलन सम्पन्न

साझाकुरा संवाददाता

हेटौँडा, २१ मंसिर/ नेपाल अंग्रेजी भाषा शिक्षक संगठन (नेल्टा) बागमती प्रदेशको सम्मेलन सम्पन्न भएको छ ।

शुक्रबार हेटौँडाको नवोदय शिशु सदनमा सुरु भएको सम्मेलन शनिबार सम्पन्न भएको हो । सम्मेलनको उद्घाटन बागमती प्रदेशका प्रदेश प्रमुख दीपक देवकोटाले गरेका थिए । उद्घाटन समारोहमा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामा, नेल्टाका केन्द्रीय अध्यक्ष प्राध्यापक डा. लक्ष्मण ज्ञवाली लगायतको आतिथ्यता थियो ।

सम्मेलनमा दुई दिनसम्म अंग्रेजी भाषा शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धिको लागि आवश्यक पक्षहरुबारे बहससमेत गरिएको थियो । सम्मेलनमा तीन जना विज्ञ मुख्यवक्ता, ६ जना विज्ञ पूर्णबक्ता र २० जना विज्ञहरुले विभिन्न विषयमा प्रस्तुतिकरण दिएका थिए । अंग्रेजी भाषा शिक्षणका विषयमा प्यानल छलफल कार्यक्रम समेत सञ्चालन गरिएको थियो । उक्त छलफलमा सामुदायिक विद्यालयहरुमा सञ्चालित अंग्रेजी माध्यमको पढाइको आवश्यकता, प्रभावकारिता र भावी चुनौतीहरूको बारेमा छलफल गरिएको छ ।

छलफलमा प्राज्ञिक व्यक्तित्व, नीति निर्माता, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकहरूको प्रतिनिधित्व थियो । कार्यक्रममा विभिन्न जिल्लाका करिब तीन सय अंग्रेजी भाषा शिक्षक उपस्थित थिए ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको सदस्यहरुलाई व्याजछुट सहितकर्जा चुक्ता/नियमित गर्न आउनेबारे

अन्यान्त जरूरी सूचना !

यस संस्थाबाट कर्जा उपयोग गरी २०८० अषाढ मसान्त अगाडि भाखा नाघी खराव कर्जामा वर्गीकरण भएका कर्जाहरुलाई व्याज छुट सुविधासहित कर्जा चुक्ता गर्ने अवसर प्रदान गरिएकोले सम्वन्धित कर्जा लिने सदस्यहरुले व्याज छुट सुविधा लिनुभई कर्जा चुक्ता गर्नुहुन सूचित गरिन्छ ।

साथै कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज बुझाई कर्जा नियमित वा राफसाफ गर्ने कर्जा लिने सदस्यहरुलाई पेनाल व्याज र व्याजको व्याजमा सम्पूर्ण छुट दिई, साथै साधारण व्याजमा समेत छुट दिन सकिने व्यवस्था गरिएकोले संस्थाको कार्यालयमा सम्पर्क गरी मिति २०८२ पौष मसान्त सम्ममा व्याज छुट सुविधाको लाभ लिनुहुन अनुरोध गर्दछौ ।

पालुङ बहुउद्धेश्यीय सहकारी सस्था लि.
पालुङ, मकवानपुर

सडक दुर्घटनाबाट बचौं र बचाऔं ।

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं.
- ट्राफिक नियम पालना गरौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

*सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौँडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना